‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २३६ ★ ने. सं. ११४६ ञला थ्व, पञ्चमी ★ बुधबार ★ ३१ भदौ, २०८३ ★ September 16, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## निकारागुआद्वारा मध्य अमेरिकामा एकता, न्याय र विकासको लागि आह्वान

मानागुवा, ३० भदौ (टेलिसुर)। निकारागुआका राष्ट्रपति ड्यानियल ओर्टेगा र उपराष्ट्रपति रोजारियो मुरिलोले स्पेनिस राजशाहीबाट मध्य अमेरिकाको स्वतन्त्रताको २०५ औँ वार्षिकोत्सवको अवसरमा जारी सन्देशमा यस क्षेत्रमा एकता, न्याय र विकासको लागि आह्वान गर्नुभएको छ ।



“मध्य अमेरिका हाम्रा जनताको भूगोल, इतिहास, साहस र वीरताबाट अपरिवर्तनीय रूपमा एकजुट छ, जसले सधैँ सामञ्जस्यपूर्ण, एकताबद्ध र बलियो परिवार बन्ने हाम्रो पेसा र आकाङ्क्षा देखाएको छ,” राष्ट्रपति र उपराष्ट्रपतिले जनतालाई सम्बोधन गरिएको शुभकामना सन्देशमा लेख्नुभएको छ ।

“हामीले हाम्रो स्वतन्त्रताको २०५ औँ वार्षिकोत्सव मनाउने क्रममा हामी शान्ति, अधिकार र कल्याणको भविष्यको निर्माण जारी राख्दै हाम्रा आदर्श र मूल्यमान्यताहरूमा विश्वास गर्ने हाम्रो क्षेत्रका राष्ट्रपतिहरू, ती देशका जनता र विशेष गरी हाम्रा युवाहरूलाई भाइचारा र सहयोगी आलिङ्गन पठाउँदछौँ,” निकारागुआली क्रान्तिका नेताहरूले अगाडि लेख्नुभएको छ ।

ओर्टेगा र मुरिलोले लेख्नुभएको छ, “हामी भ्रातृत्वको बाटोमा बलियो बनाऔँ र सबै आवश्यक प्रयासहरूलाई समर्थन देऔँ ।” तिनीहरूका चुनौतीहरू सामना गर्न र ‘एकता, न्याय र विकास’ को सपनालाई वास्तविकता बनाउन भगवानलाई आग्रह गर्नुभएको छ ।

निकारागुआ सरकारले सेप्टेम्बर १५, १८२१ मा ऐतिहासिक सान ज्याकिन्टो हेसिन्डाबाट मध्य अमेरिकाको स्वतन्त्रताको २०५ औँ वार्षिकोत्सवको

***बाँकी पृष्ठ ८ मा***

## भदौ २३ र २४ गतेको उपद्रव र ओली दाहालको गुनासो !

- गत वर्ष भदौ २३ गतेको उपद्रोमा निहत्था जनताको मृत्युको भोलिपल्ट भदौ २४ गते बिहान ८ बजेतिर एमालेकै केही नेताको मागअनुसार नेपाली सेनाले पनि नेकाको समर्थनमा बनेको एमालेका प्रधानमन्त्री ओलीको राजीनामा माग्यो । तर, ओलीले राजीनामा नदिने अडान राखे ।
- भदौ २४ गते नै अपराह्न संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, बालुवाटार, शीतलनिवासलगायत देशभरिका सरकारी भवनमा आगजनी भयो । तत्पश्चात् ओलीले अपराह्न १:३० बजे सेनालाई राजीनामा बुझाए र सेनाकै हेलिकप्टरमा बसेर १२ दिन गुमनाम भए ।
- भदौ २४ गते अपराह्न ३ बजेतिर राष्ट्रपति रामचन्द्र पौडेलले ओलीको राजीनामा स्वीकृत गरी ओलीलाई नै काम चलाउ प्रधानमन्त्रीको जिम्मेवारी दिए र जनतालाई सूचना नदिई राष्ट्रपति स्वयम् आफ्नो सरकारी निवास भवन शीतल निवासबाट बाहिरिएर सेनाको भैरवनाथ गणको ‘शरण’ मा पुगे ।
- भदौ २४ गते बिहान विपक्षीको बैठक बोलाएका तत्कालीन माओवादी (हाल नेकपा) का पुष्पकमल दाहाल र माधवकुमार नेपाल दुवै सिंहदरबारभित्र सेनाको ‘शरण’ मा बसे ।
- भदौ २६ गते राष्ट्रपति र नेपाली सेना प्रमुख दुबै ओली बसेका ठाउँमा पुगे । ( त्यो ठाउँ कहाँ हो सार्वजनिक भएको छैन ।) ओलीले राष्ट्रपतिलाई नयाँ प्रम नियुक्ति गर्न लिखित सहमति दिए । सो सिफारिसपत्रअनुसार राष्ट्रपतिले बेलुका दाहाल, माधव र नेकाका रमेश लेखकलाई बोलाएर पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई संविधानविपरीत प्रधानमन्त्री बनाउने सहमति लिए ।
- भदौ २७ गते राष्ट्रपतिले सुशीलालाई प्रम पदको सपथ गराए र लगत्तै सुशीलाको सिफारिसमा प्रतिनिधिसभा पनि विघटन गरे ।
- गएको फागुन २१ गते चुनावसमेत भइसकेपछि यतिखेर ओली र दाहाल राष्ट्रपतिलाई प्रतिनिधिसभा विघटन गर्ने सहमति नदिएको दाबी गर्दै छन् ।
- प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्न सक्ने संवैधानिक व्यवस्थाबारे सुशीलालाई प्रधानमन्त्रीमा नियुक्तिको सहमति दिनुअघि ओली, दाहाललगायतलाई कसरी थाहा भएन ?
- दाहालले भदौ २४ गते सिराहामा बोले, “गत वर्ष भदौ २४ गतेको जेनजी आन्दोलनपछि देशको फैसला विदेशीले गर्न थाल्यो र राष्ट्रिय स्वाधीनता सङ्कटमा पऱ्यो । गत वर्ष भदौ २३ गते र २४ गते उपद्रव मच्चाउने सीआइएले अर्बौं डलर पठाएर तालिम दिएको सार्वजनिक भएको विषय दाहाललाई कसरी थाहा भएन ?
- ओली, दाहाल र माधवले संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीलालाई प्रधानमन्त्री किन नियुक्त गरेको भनी राष्ट्रपतिसँग तत्काल प्रश्न गर्नुपर्ने होइन र ? यतिबेला आफूहरूले प्रतिनिधिसभा विघटन गर्न सहमति नदिएको भनी ओली र दाहालको गुनासोको कुनै तुक छ र ?

## स्वास्थ्य सेवा दिने दायित्व सरकारको हो

- **सुवर्ण श्रेष्ठ**

नेपालको संविधान २०७२ को धारा ३५ मा स्वास्थ्य सेवासम्बन्धी हकको व्यवस्था गरिएको छ । स्वास्थ्य सेवा नागरिकको मौलिक हक हो । प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क पाउने हक छ । कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गर्न पाइँदैन । आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक प्रत्येक व्यक्तिलाई छ । सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच हुनुपर्छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ ले नेपाल सरकारले गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने कुरा उल्लेख गरेको छ । सङ्घ, प्रदेश र स्थानीय तहले आवश्यक स्वास्थ्य संस्था, जनशक्ति, प्रविधि र उपकरणको व्यवस्था गर्नुपर्ने कुरा पनि उल्लेख गरेको छ । संविधानको धारा ३८ (२) मा महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरेको छ । यसर्थ, राज्यले गर्भवती तथा सुत्केरी महिलाका लागि सुरक्षित प्रसूति सेवा, आवश्यक स्वास्थ्य उपचार तथा मातृ-शिशु स्वास्थ्य संरक्षणको व्यवस्था गर्नुपर्दछ । आधारभूत प्रसूति सेवा सरकारी स्वास्थ्य संस्थाबाट नि:शुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था पनि संविधानले गरेको छ ।

भदौ २३ गते मङ्गलबार राति प्रसूति व्यथा लागेर सप्तरी जिल्लाको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पुगेका बबिताकुमारी पासवानले रगत परीक्षण शुल्क तिर्न नसकेकाले अस्पताल बाहिर बच्चालाई जन्म दिएको भिडिओ सार्वजनिक भयो । आर्थिक अवस्था कमजोर भएकै कारण प्रसूति सेवा नपाउने अवस्था नहोस् भन्ने उद्देश्यले ‘आमा सुरक्षा कार्यक्रम’ लागू गरिएको हो । तर, गजेन्द्रनारायण सिंह अस्पतालमा जे भयो, त्यसले ‘आमा सुरक्षा कार्यक्रम’ लाई बिर्स्यो । यो कार्यक्रमलाई अस्पतालले इमानदारीपूर्वक लागू नगरेको मात्र होइन, लाभान्वित हुनुपर्ने समूहलाई समेत यसबारे जानकारी नभएको देखियो ।

२०८२ फागुन २१ को निर्वाचनमा वर्तमान प्रधानमन्त्री, रास्वपाका उम्मेदवार बालेन्द्र शाहले भनेका थिए, “गोजीमा पैसा नभएको विपन्न गरिबले स्वास्थ्य उपचार पाउनुपऱ्यो, त्यो हो हाम्रो एजेन्डा ।” तर, सरकार गठन भएको

***बाँकी पृष्ठ ८ मा***

### व्यङ्ग्यचित्रको कुनो




## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - ११७

भदौ २३ गते बिहान करिब ८:३० बजे सुरु भएको प्रदर्शन सङ्घीय संसद् भवन नयाँ बानेश्वर पुग्दा अराजक बनेको थियो । प्रदर्शनकारीहरूले कर्फ्यु अवज्ञा गर्दै संसद् भवनभित्र प्रवेश गर्न संसद् परिसरको केही भागमा आगो लगाउने प्रयास गरेको देखिन्छ । प्रहरीले भिड नियन्त्रण गर्न र प्रदर्शनकारीको संसद् परिसरभित्र प्रवेश गर्ने प्रयासलाई बिफल तुल्याउन बलको प्रयोग गरेको देखिन्छ । संसद् भवन दक्षिण/पूर्व लगायतका स्थानहरूबाट संसद् भवन परिसरभित्र प्रवेश गरेको आक्रोशित भिडलाई प्रहरीले सम्झाइबुझाइ परिसर बाहिर पठाएको देखिन्छ । त्यसमध्ये केही प्रदर्शनकारीलाई प्रहरी परिसर भद्रकाली काठमाडौँ पठाइएको र सोही दिन साँझ हिरासतमुक्त गरिएको देखिन्छ ।

काठमाडौँमा भदौ २३ गते १७ जना युवाको घटनास्थलमै र १२ जनाको केही दिनपछि मृत्यु भएको सङ्कलित प्रमाणबाट र मृतकका आफन्तले दिएको बयानबाट खुल्न आएको छ । त्यसका अलावा ठुलो सङ्ख्यामा प्रदर्शनकारी र प्रहरी घाइते भएका थिए । तीमध्ये केही अझै अस्पतालमा उपचाररत छन् । सो दिनको घटनामा यति ठुलो मानवीय क्षति र घाइतेको सङ्ख्या कसरी हुन पुग्यो भन्ने संवेदनशील प्रश्न खडा भएको छ । कानुनको पूर्ण परिपालन नगरी कुनै नागरिकको ज्यान जानु भनेको संविधानको धारा १६ द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक हनन् हुनु हो । सो व्यवस्था ICCR को धारा ६ (१) मा पनि प्रत्याभूत गरिएको छ ।

सङ्घीय संसद् परिसरको अवस्था असामान्य भई कर्फ्यु १२:३० बजेदेखि लागू हुने गरी प्र.जि.अ.बाट आदेश गरिएको भनाई प्र.जि.अ. र अन्य प्रहरी अधिकारीको रहेको छ । तर, उक्त सङ्घीय संसद् भवन परिसरको दक्षिणतर्फ रहेको सिभिल अस्पतालको आकस्मिक कक्षमा रहेको सीसीटीभी फुटेजको अध्ययन गर्दा उक्त दिन दिउँसो १२:०७ बजे स्कूलको पोशाकमा एक जना विद्यार्थी आँखामा चोट लागी अस्पताल पुगेको देखिन्छ । सोही दिन १२:१७ बजेदेखि घाइतेहरू उपचारार्थ आउने क्रम जारी रहेको पनि सीसीटीभी फुटेजमा देखिन्छ । यी घटनाबाट प्रस्ट हुन्छ कि कर्फ्यु आदेश जारी हुनुभन्दा अगावै प्रहरीबाट बल प्रयोग गर्न थाली सकिएको थियो । कुन समयदेखि रबरको गोली प्रहार गर्न थालियो, कुन समयदेखि अन्तिम बल धातुको गोली प्रहार हुन थाल्यो यकिन समय किटान गर्न नसकिएको अवस्था छ । राष्ट्रिय अनुसन्धान विभागको टाइमलाइनमा १२:१५ बजे पहिलो फायर खोलिएको भनिएको भएता पनि माथि उल्लिखित घटनाले सो समयभन्दा अगाडि नै अत्यधिक बल प्रयोग भएको देखिन्छ ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (१) (ख) ले “शान्ति सुरक्षा कायम गर्न नसकिने भई गोली चलाउनुपर्ने आवश्यकता परेमा सो गर्नुभन्दा अगाडि भिडलाई ‘हटदैनौ भने गोली चलाइनेछ’ भनी स्पष्टसँग बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि

***बाँकी पृष्ठ ८ मा***



**नयाँ ट्रायक्बाट आवतजावत गर्दै सर्वसाधारण**

पृथ्वी राजमार्गअन्तर्गत कृष्णभिरमा पहिरो खसेर सडक पूर्णरूपमा अवरुद्ध भएपछि निर्माण गरिएको नयाँ ट्रायक्बाट सोमबार आवतजावत गर्दै सर्वसाधारण। मान्छेसमेत हिँड्न नमिल्ने गरी सडक अवरुद्ध भएपछि तत्काल नयाँ ट्रायक निर्माण गरिएको हो। नयाँ ट्रायक्लाई असोज १ गतेदेखि पूर्णरूपमा यातायात सञ्चालन गर्ने गरी काम भइरहेको छ। *तस्बिरः सनद अधिकारी/रासस*

# चिन्तित छन् त्रिशुली किनारका बासिन्दा

चितवन, ३० भदौ। यही भदौ १० गते आएको भोटेकोसी बाढीपछि त्रिशुली नदी किनारमा बसोबास गर्नेहरू चिन्तित देखिएका छन्।

उनीहरूलाई कुनै पनि बेला त्रिशुली नदीमा बाढीको वहाब आएर नोक्सान पुऱ्याउने चिन्ता बढेको छ। इच्छाकामना गाउँपालिका-५ त्रिशुली किनारमा बसोबास गर्दै आउनुभएकी सानी गौचन अहिले आफूहरू असुरक्षित रहेको महसुस गर्नुहुन्छ। आफ्नो उमेरको ४५ वर्ष यही बिताउनुभएकी उहाँ भोटेकोसी बाढीपछि झस्कन थाल्नुभएको छ। उहाँले भन्नुभयो, "बाढी देखेका थियौँ। यस्तो विनाशकारी देखेका थिएनौँ। त्यो दिन सम्झँदा अझै पनि मनमा अत्यास लाग्छ। पानी पर्दासमेत फेरि घर छोड्नुपर्ने हो कि भन्ने डरले उहाँलाई सताइरहेको छ।"

मुग्लिन बजारमा विगत ४५ वर्षदेखि आमा होटल चलाउँदै आउनुभएकी कोपिला गौचन वर्षात् हुन थालेपछि कामदारदेखि सबैलाई सुरक्षित गर्न थालेको बताउनुहुन्छ। यही भदौ १० गतेदेखि उहाँले न फोन अफ गर्न सक्नुभएको छ, न त रातिमा राम्रोसँग निदाउनुभएको छ। उहाँले भन्नुभयो, "कतै फोन गरेर घर छोड बाढी आउँदै छ कि भन्ने सूचना आउँछ कि भन्ने डर छ।" अझै आफूहरू असुरक्षित रहेको महसुस आफूलाई भएको उहाँले बताउनुभयो।

अहिले खोला सुसाउँदा त्रासमा बस्नुपर्ने बाध्यता रहेको उहाँले गुनासो गर्नुभयो। अझै चिन्तामा बस्नुपरेको बताउँदै उहाँले अब केही राहत हुन्छ कि भन्ने लागेको बताउनुभयो। उहाँले थप्नुभयो, "पुर्ख्यौली काम छोड्नुभएन अझै हामी सुरक्षित छौँ जस्तो लाग्दैन।"

स्याङ्जा स्थायी ठेगाना भई विगत ३२ वर्षदेखि मुग्लिन नजिकै व्यवसाय गर्दै आउनुभएका सेख अलाउदीन मियालाई अहिले पानीको आवाज सुनेपछि आफूले राखेका सामग्रीतर्फ ध्यान जान्छ। नुवाकोटमा रहेकि छोरी बेखबर भएपछि आफू त्यस्तै हुने हो कि भन्ने चिन्ताले उहाँलाई सताइरहेको छ। खोलामा पानीको बहाव बढ्दै गर्दा कुनै चिन्ता नहुने भए पनि भदौ १० गतेको भोटेकोसी बाढीपछि उहाँलाई रातमा राम्रो गरी निन्द्रा लाग्न छाडेको छ।

साना बालबालिका लिएर बस्नुपर्ने त्यहीमाथि त्रिशुलीको डर उहाँले दुःखेसो सुनाउनुभयो। अचानक आएको बाढीले त्रिशुली किनारमा व्यवसाय गर्न डर हुन लागेको उहाँले गुनासो गर्नुभयो।

त्रिशुलीमा 'र्‍याफ्टिङ' गर्न आएकालाई खाना खाजा खुवाउँदै आउनुभएका नारायण श्रेष्ठ व्यवसाय छोड्ने कि के गर्ने भन्ने दोधारमा हुनुहुन्छ। सँगै व्यवसाय गरेका साथीहरूले छाडेर गएपछि आफू दोधारमा रहेको बताउँदै उहाँले विनाशकारी बाढीपछि व्यवसाय र आफ्नो जीवन नै जोखिम बढेको बताउनुभयो। उहाँले भन्नुभयो, "बाढीसँग डर होइन विनाशकारी बाढीसँग अझै हामीलाई डर छ।" पृथ्वी राजमार्गमा रहेको विनय गेस्ट हाउस तथा खाजा घरका सञ्चालक उहाँले वर्षात सुरु भएपछि हामीलाई त्रास बढ्ने भन्दै अब के गर्ने सोचमा रहेको बताउनुभयो।

अहिले पृथ्वी राजमार्गअन्तर्गत त्रिशुली किनारमा रहेका यस्ता व्यवसायी तथा परिवार त्रासमा दिन र रात बिताउन बाध्य छन्। अब फेरि समस्या आउँदा के गर्ने भन्ने चिन्ता उनीहरूमा थपिएको छ। रसुवा, नुवाकोट, धादिङ हुँदै चितवनको देवघाटमा आएर यो नदी कालिगण्डकीमा मिसिएपछि नारायणी बन्छ। त्रिशुली नदी गहिरो छ। नदीका किनारमा मानव बस्तीसँगै बजारहरू रहेका छन्। ती बस्ती पुराना हुन्। बिगतका वर्षहरूमा पनि बाढी आउने भए पनि यस वर्ष निकै ठुलो बाढी आएपछि ती तीन जिल्लामा ठुलो जनधनको क्षति भएको छ। क्षति हुन नपाएका बस्ती र बजार क्षेत्रका बासिन्दामा त्रास कायम रहेको हो। ***रासस***

# भक्तपुरमा उडबलको ऐतिहासिक डेब्यु
## परम्परागत खेलकुदको सहरमा नयाँ आयाम

भक्तपुर, ३० भदौ। ऐतिहासिक, सांस्कृतिक तथा परम्परागत खेलकुदको लामो विरासत बोकेको भक्तपुरको खेलकुद इतिहासमा हालै एउटा नयाँ अध्याय थपिएको छ। ख्वप कलेज अफ इन्जिनियरिङमा भदौ २५ गतेदेखि सञ्चालन भइरहेको शिक्षक तथा कर्मचारीस्तरीय विविध खेलकुद



प्रतियोगिताअन्तर्गत मङ्गलबार उडबल (Woodball) प्रतियोगिता सम्पन्न भयो। भक्तपुर जिल्लामै सम्भवतः पहिलोपटक आयोजना गरिएको यस प्रतियोगितामार्फत कलेजका विभिन्न विभागका शिक्षक तथा कर्मचारीहरूले यो खेलको प्रत्यक्ष अनुभव लिने अवसर प्राप्त गरेका छन्। ठुलो भौतिक पूर्वाधार नचाहिने र न्यून लागतमा खेल्न सकिने यस्ता नयाँ तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त खेलको प्रवर्द्धन र प्रचारप्रसारमा कलेजले अग्रसरता देखाएकोमा सहभागीहरूले निकै खुसी व्यक्त गरेका छन्।

ऐतिहासिक तथा सांस्कृतिक नगरी भक्तपुर परम्परागत र आधुनिक खेलकुद दुवैमा आफ्नै छुट्टै पहिचान बोकेको सहर हो। स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा शारीरिक सुगठन, बुद्धिचाल, टेबलटेनिस, जिम्नास्टिक, फूटबल, भलिबल, कबड्डी, कराँते तथा मार्सल आर्टसजस्ता खेलहरूमा भक्तपुरको लामो इतिहास र उल्लेख्य योगदान रहँदै आएको छ। भक्तपुरमा पहिलो पटक उडबलजस्तो नौलो खेलको प्रवेशले जिल्लाको खेलकुद इतिहासमा नयाँ आयाम थपेको छ।

उडबलको स्वरूप र नियम गल्फसँग मिल्दोजुल्दो छ। खेलाडीले काठको ह्यामर अर्थात् 'मलेट' प्रयोग गरेर काठकै बललाई प्रहार गर्छन्। बललाई तोकिएको मार्ग हुँदै अगाडि बढाएर अन्तिममा काठबाट बनेको गेटभित्र छिराउनुपर्छ। निर्धारित दूरी कम 'स्ट्रोक' मा पूरा गर्ने खेलाडी विजेता हुन्छ। ठुलो मैदान, महँगा उपकरण वा जटिल संरचना आवश्यक नपर्ने भएकोले विद्यालय, कलेज तथा सार्वजनिक खुला स्थानमा समेत यो खेल विस्तार गर्न सकिने सम्भावना रहेको खेलकर्मीहरूको बुझाइ छ।

तर, भक्तपुरमा हालै सुरु भएको यो खेलको कथा भने भक्तपुरबाट सुरु भएको होइन। उडबलको विकास सन् १९९० मा ताइवानबाट भएको हो। वेङ मिङ-हुई र कुवाङ-चु याङले यसको अवधारणा अघि सारेका थिए। वृद्ध आमाबुबाका लागि बगैँचा बनाउने क्रममा भेटिएको समथर पाखालाई उपयोग गर्दै महँगो गल्फको विकल्पका रूपमा सर्वसाधारणले समेत सजिलै खेल्न सक्ने खेल विकास गर्ने प्रयासबाट उडबलको सुरुआत भएको मानिन्छ।

खेलका नियम तथा सामग्रीमा क्रमिक सुधार हुँदै सन् १९९३ सम्म आइपुग्दा काठको ह्यामर, बल र गेटसहित उडबलको आधुनिक स्वरूप विकास भएको थियो। सन् १९९९ मा अन्तर्राष्ट्रिय उडबल महासङ्घ (IWbF) गठन भएपछि खेलको अन्तर्राष्ट्रिय विस्तारले संस्थागत आधार पायो। त्यसपछि एसियाली ओलम्पिक काउन्सिल (OCA) ले पनि यसलाई मान्यता दिएको थियो। सन् २००८ देखि एसियालीबिच गेम्समा उडबल समावेश हुँदै आएको छ।

नेपालमा पनि उडबलको यात्रा नयाँ भने होइन। सन् २०१० को दशकतिर नेपाल उडबल सङ्घ राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा दर्ता भएको र नेपाली खेलाडीहरूले चीन, थाइल्यान्ड तथा हङकङमा आयोजित अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइसकेको विवरण छ। यद्यपि, नेपालमा यो खेल अझै सीमित दायरामै छ।

पूर्वाधार र बजेटको अभाव नेपाली खेलकुदको पुरानै चुनौती हो। यही अवस्थामा न्यून लागतमा र सीमित स्थानमा सञ्चालन गर्न सकिने उडबलले विद्यालय तथा कलेजस्तरबाट खेलाडी उत्पादन गर्ने अवसर दिन सक्छ। सार्वजनिक पार्क तथा खुला ठाउँलाई समेत उपयोग गर्न सकिने भएकाले स्थानीय तहले समेत यसको प्रवर्द्धन गर्न सक्ने सम्भावना देखिन्छ।

भक्तपुरमा ख्वप कलेज अफ इन्जिनियरिङले गरेको यो सुरुवातले स्थानीय स्तरमा उडबल खेलको प्रवर्द्धन र नयाँ खेलाडी उत्पादनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ। कलेज स्तरमा सुरु भएको यो अभ्यासले आगामी दिनमा भक्तपुर जिल्लाभर उडबलको प्रवर्द्धन हुनुका साथै नयाँ खेलाडी उत्पादन र खेलकुद पर्यटनमा समेत टेवा पुग्ने विश्वास लिइएको छ।

# प्रधानमन्त्री राहत कोषमा मौज्दात १४ अर्ब पुग्यो

काठमाडौँ, ३० भदौ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १४ अर्ब दुई करोड ७३ लाख २९ हजार ७७७ रूपैयाँ जम्मा भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार मङ्गलबार बिहान ९:०० बजेसम्मको विवरण अनुसार विभिन्न नौवटा बैङ्कमा रु. १० अर्ब ४० करोड ९९ लाख ४३ हजार ५१६ जम्मा भएको छ।

त्यस्तै, कोषका अन्य दुई वटा बैङ्कमा रहेको डलर खातामा दुई करोड ३७ लाख छ हजार ५७५ अमेरिकि डलर जम्मा भएको छ।

राहत कोषबाट केही दिनअघि रसुवाको भोटेकोसी नदीमा आएको बाढीबाट पीडितलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत रु. एक अर्ब निकासा गरिएको थियो। ***रासस***

# ट्राफिक प्रहरीले फेला पारेका ५० सवारीसाधन सम्बन्धित धनीलाई बुझायो

काठमाडौँ, ३० भदौ। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले उपत्यकाका विभिन्न स्थानबाट हराएका तथा चोरी भएका ५० वटा दुईपाङ्ग्रे सवारीसाधन फेला पारी सवारी धनीलाई हस्तान्तरण गरेको छ।

ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले फेला परेका सवारीसाधन आज आयोवित कार्यक्रममा सम्बन्धित धनीलाई हस्तान्तरण गर्नुभयो। हस्तान्तरण गरिएका सवारीसाधनमा २८ वटा मोटरसाइकल र २२ वटा स्कुटर छन्।

सवारीसाधन हस्तान्तरण गर्दै एसएसपी काफ्लेले आफ्नो सवारीसाधनको सुरक्षामा विशेष ध्यान दिन सवारीधनीलाई आग्रह गर्नुभयो। उहाँले ह्विल लक, डिस्क लक तथा जीपीएस प्रणालीजस्ता सुरक्षा उपकरण प्रयोग गर्न सुझाव दिनुभयो।

सवारीसाधन चोरी वा हराएमा तत्काल ट्राफिक प्रहरीको हटलाइन १०३ मा जानकारी गराउन आग्रह गर्दै वरिष्ठ उपरीक्षक काफलेले भन्नुभयो, "सवारीसाधन चोरी भए वा हराएमा तुरुन्तै ट्राफिक प्रहरीको हटलाइन १०३ मा जानकारी गराउनुहोस्।"

ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक (एसपी) नरेशराज सुवेदीले सवारीसाधन सुरक्षाका लागि प्राविधिक निगरानीसहितको सुरक्षित स्मार्ट पार्किङ व्यवस्थापन पनि आवश्यक रहेको बताउनुभयो। उहाँले सवारीसाधन चोरीबाट जोगाउन भौतिक तथा डिजिटल दुवै प्रकारका सुरक्षा प्रविधि प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो।

ट्राफिक प्रहरीले चालु आर्थिक वर्षमा हालसम्म १६६ वटा हराएका तथा चोरी भएका दुईपाङ्ग्रे सवारीसाधन फेला पारी सम्बन्धित धनीलाई हस्तान्तरण गरिसकेको जनाएको छ। फेला परेको सवारीसाधन बुझ्दै धनीले ट्राफिक प्रहरी कार्यालयले गुमेको सम्पत्ति र खुसी दुवै फिर्ता गराएको प्रतिक्रिया दिनुभयो।

# बाँकेमा ६०७ हेक्टर बढी वनक्षेत्र अतिक्रमण

राँझा (बाँके), ३० भदौ । बाँकेमा आर्थिक वर्ष २०८२/८३ सम्ममा ६०७ हेक्टरभन्दा बढी वनक्षेत्र अतिक्रमणमा परेको छ ।

अतिक्रमित वनक्षेत्रमा किरब तीन हजार ९९० घरटहरा निर्माण भएका छन् । हालसम्म बाँके जिल्लामा ६०७ दशमलव ९८ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको डिभिजन वन कार्यालय बाँकेका सूचना अधिकारी टङ्क गुरुङले जानकारी दिनुभयो ।

उहाँका अनुसार, अतिक्रमणको ठूलो हिस्सा विगतमा बाढीबाट विस्थापित भएका परिवारसँग जोडिएको छ । नरैनापुर गाउँपालिकामा मात्रै २७३ हेक्टर वनक्षेत्र अतिक्रमण गरी ९७५ घरधुरी बसोबास गरिरहेका छन् । तत्कालीन समयमा बाढीपीडितलाई बस्न दिइएको क्षेत्रमा अतिक्रमण हटाउने प्रयास भए पनि पुनः बाढी आएपछि विस्थापित परिवार फर्केर बस्न थालेका हुन् ।

विसं २०६६ र त्यसपछि बाढीबाट प्रभावित परिवारलाई तत्कालीन अवस्थामा बसोबासका लागि दिइएको वनक्षेत्र व्यवस्थित हुन नसक्दा समस्या बढ्दै गएको छ । २०७४ सालको बाढीपछि पनि त्यस्ता परिवार पुनः वनक्षेत्रमा आएर बसोबास गर्न थालेका छन् ।

सूचना अधिकारी गुरुङका अनुसार, राप्तीसोनारी गाउँपालिकाको वडा नं ५, ६ र ७ मा २११ हेक्टर वनक्षेत्र अतिक्रमण गरी एक हजार ९२५ घरधुरीले बसोबास तथा खेतीपाती गर्दै आएका छन् । वडा नं २ मा ३२ दशमलव ९८ हेक्टर वनक्षेत्र अतिक्रमण गरी ६०४ घरटहरा निर्माण गरिएको छ भने वडा नं १, ३ र ४ मा ४१ हेक्टर वनक्षेत्र अतिक्रमण गरी ७२ घरधुरी बसोबास गरिरहेको पाइएको छ ।

कोहलपुर नगरपालिका वडा नं ७, ८ र १२ तथा बैजनाथ गाउँपालिका-२ मा समेत वनक्षेत्र अतिक्रमण भएको छ । ती क्षेत्रमा २०४४/४५ देखि २०७१/७२ सम्म गैरबाढीपीडितका २० घरटहरा निर्माण भए पनि अहिले त्यहाँ नियमित बसोबास नरहेको र सात जनाले भने खेतीपाती गर्दै आएका छन् ।

त्यस्तै, डुडुवा गाउँपालिका-१ बाहेक अन्य वडा र नेपालगञ्जका विभिन्न क्षेत्रमा समेत वनक्षेत्रमा ३९४ घरटहरा निर्माण भएको गुरुङले जानकारी दिनुभयो । बाँकेमा भएको अधिकांश वन अतिक्रमण २०७५ सालअघि नै भएको हो । वन अतिक्रमण हटाउन चालु आर्थिक वर्षमा योजना बनाएर अगाडि बढ्ने डिभिजन वन कार्यालय बाँकेका सूचना अधिकारी गुरुङले बताउनुभयो । **रासस**

# प्रयोगविहीन जमिनमा सुन्तला खेती विस्तार गर्दै भोजपुरका किसान

भोजपुर, ३० भदौ । भोजपुरको टेम्केमैयुङ गाउँपालिका-५ खावाका किसान व्यावसायिक सुन्तला खेतीतर्फ आकर्षित हुँदै गएका छन् ।

परम्परागत अन्नबालीबाट सीमित आम्दानी हुने भएपछि कृषकले सुन्तलाखेतीलाई वैकल्पिक तथा दिगो आम्दानीको स्रोतका रूपमा अपनाउन थालेका हुन् । केही वर्षअघिसम्म सामान्य घरायसी प्रयोजनका लागि मात्रै सीमित रहेको सुन्तलाखेती अहिले व्यावसायिक रूपमा विस्तार हुँदै गएको छ । गाउँका धेरै किसानले आफ्नो खाली तथा कम उपयोगमा आएका जमिनलाई व्यवस्थित रूपमा उपयोग गर्दै सुन्तला बगैँचा विस्तार गरेका छन् ।

खावा केराबारीको हावापानी, माटोको बनावट र उचाइ सुन्तलाखेतीका लागि अत्यन्त अनुकूल मानिन्छ । यहाँ उत्पादन हुने सुन्तलाको स्वाद, गुणस्तर र आकार राम्रो हुने भएकाले बजारमा यसको माग उच्च रहेको छ ।

वडाध्यक्ष सुनिल राईले कृषि क्षेत्रको विकास गर्दै किसानको जीवनस्तर उकास्ने उद्देश्यले वडाले सुन्तलाखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । वडाध्यक्ष राईले भन्नुभयो, "हामीले किसानलाई प्राविधिक सहयोगसँगै गुणस्तरीय बिरुवा वितरण गर्दै आएका छौँ । यस कार्यक्रमले आगामी वर्षमा उत्पादन वृद्धि हुनुका साथै किसानको आम्दानीमा सुधार ल्याउने विश्वास गरेका छौँ ।"

वडाले कृषि प्राविधिकमार्फत बगैँचा व्यवस्थापन, रोग-किरा नियन्त्रण, मल व्यवस्थापन तथा आधुनिक खेती प्रविधिबारे नियमित रूपमा सहजीकरण गर्दै आएको उहाँले बताउनुभयो । व्यावसायिक सुन्तलाखेतीको विस्तारसँगै खावालाई सुन्तला उत्पादनको 'हब' का रूपमा विकास गर्ने लक्ष्य रहेको वडाले जनाएको छ । **रासस**

# घरपझोङ जलवायु परिवर्तन सम्मेलन सुरु

मुस्ताङ, ३० भदौ । 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन २०८३' मङ्गलबारदेखि यहाँ सुरु भएको छ ।

मुस्ताङको घरपझोङ गाउँपालिकाद्वारा आयोजित सम्मेलनको सङ्घीय कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले उद्घाटन गर्नुभएको हो । यसअघि प्रमुख अतिथिसहित सातै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि गाउँपालिका कार्यालय जोमसोममा भेला भई झाँकीसहित सम्मेलनस्थल कभर्डहल पुगेको थियो ।

सम्मेलनमा हिमाल, पहाड र तराई क्षेत्रमा जलवायु परिवर्तनले पारेका असरका विषयमा गम्भीर रूपमा मन्थन गरिने छ । हरितगृह ग्यास उत्सर्जनका कारण हुने बढ्दो जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण, जलवायु परिवर्तनका कारण हिमाल, पहाड र तराईका स्थानीय तहमा परेको जलवायु असरका विषयमा सम्मेलनमा विशेष छलफल हुनेछ ।

सम्मेलनको समापनका अवसरमा जलवायु कार्ययोजना र जलवायु न्यायका लागि हिमाली जिल्ला मुस्ताङबाट स्थानीय तहको संयुक्त सहभागितामा जलवायु घोषणापत्र २०८३ जारी गरिनेछ । विश्वकै चिन्ता र चासोको विषय बनेको जलवायु सङ्कट न्यूनीकरणका लागि स्थानीय तहले अपनाउनुपर्ने भावी कार्ययोजना र जलवायु अनुकूलनका उपायका सम्बन्धमा सम्मेलनमा विभिन्न कोणबाट छलफल हुनेछ ।

जलवायु सङ्कटले पृथ्वीको तापमान वृद्धि भई कृषि, पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यावरण तथा मानवीय र भौतिक क्षेत्रमा परेको जोखिमका विषय सम्मेलनमा प्राथमिकताका साथ उठाइने छ । सम्मेलनमा यही भदौ १० गते रसुवा बाढीबाट भएको जनधनको क्षतिको समीक्षा समेत गरिनेछ । **रासस**



**क्षतिग्रस्त झोलुङ्गे पुल**
भोटेकोसी हुँदै त्रिशुली नदीमा आएको बाढीले क्षति पुऱ्याएको बेलकोटगढी नगरपालिका-८ र विदुर नगरपालिका-३ जोड्न ठुलोखोलास्थित त्रिशुली नदीको झोलुङ्गे पुल । योसहित यस आसपासका झोलुङ्गे र मोटरेबल पुल बगाउँदा विदुर-३ र तारकेश्वर गाउँपालिकावासी सदरमुकाम विदुर जान देवीघाटस्थित त्रिशुली नदीमा राखिएको तुइन प्रयोग गर्न बाध्य छन् । यो पुल मर्मत गरेर सञ्चालनमा ल्याउन सकेमा यस क्षेत्रका बासिन्दालाई आउजाउ गर्न निकै सहज हुने देखिन्छ ।
*तस्बिर: रामहरि न्यौपाने/रासस*

# भोटेकोसी बाढी : ३४ देशका ६०७ विदेशी पर्यटक बेपत्ता

काठमाडौँ, ३० भदौ । रसुवाको भोटेकोसीमा आएको बाढीमा परेर ३४ देशका ६०७ विदेशी पर्यटक बेपत्ता भएका छन् ।

पर्यटन विभागका सूचना अधिकारी सुरज घिमिरेले विभिन्न कम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएका ६०७ विदेशी पर्यटक बेपत्ता भएको जानकारी दिनुभयो । बेपत्ता भएका विदेशी पर्यटकमध्ये २६९ पुरुष, ३२९ महिला र नौ लिङ्ग नखुलेका नागरिक छन् । बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी छिमेकि मुलुक भारतका छन् ।

विभागका अनुसार भारतका १८९ नागरिक बेपत्ता भएका छन् । यसबाहेक अस्ट्रेलियाका ३३, बेलारुसका दुई, क्यानडाका ३०, फिनल्याण्डका एक, फ्रान्सका चार, जर्मनीका आठ, हङ्गेरीका एक, आयरल्यान्डका दुई, इजरायलका एक, लिथ्वानियाका एक, मलेसियाका ५५, नेदरल्याण्डका दुई जना बेपत्ता भएका छन् ।

न्यूजरल्याण्डका पाँच, पोर्चुगलका दुई, रसियाका छ, सिङ्गापुरका नौ, साउथ अफ्रिकाका छ, स्पेनका दुई, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६५, जापानका पाँच, फिलिपिन्सका एक, काजकिस्तानका तीन, बेल्जियमका दुई, स्वीडेनका एक जना बेपत्ता छन् ।

लाटभियाका ३३, स्वीजरल्याण्डका एक, इटलीका दुई, चीनका ३७, भियतनाम एक, इस्टोनियाका दुई र कोरियाका नौ पर्यटक हराएका छन् । बाढीमा परेर नेपालका १८८ पर्यटक बेपत्ता भएका हुन् । विभागका अनुसार बेपत्ता हुनेमा १६१ पुरुष र २७ महिला छन् । बेपत्ता हुनेमा विदेशी पर्यटकको सहयोगीका रूपमा गएका र कैलाश मानसरोवर तथा गोसाईकुण्ड घुम्न गएका नेपाली रहेको विभागका सूचना अधिकारीले बताउनुभयो ।

सरकारले विपदका बिच उद्दार कार्य पनि जारी राखेको छ । हालसम्म ३१० विदेशी पर्यटकको सफल उद्धार गरिएको विभागले जनाएको छ । उद्धार भएकामध्ये २५८ पुरुष र ५२ महिला छन् । यसैगरी, बाढीपछि सम्पर्कविहीन भएकामध्ये १३ जना (तीन पुरुष, नौ महिला र एक अन्य) हाल सम्पर्कमा आएका छन् । स्थानीय प्रशासन र सुरक्षा निकायले बेपत्ता भएकाको खोजी र राहत कार्यलाई तीव्रता दिएको छ ।

**एक हजार ३९९ शव फेला**

रसुवा बाढीमा परी हराइरहेका मध्ये हालसम्म एक हजार ३९९ जनाको शव फेला परेको छ ।

प्रहरी प्रधान कार्यालयले मङ्गलबार सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार फेला परेका शवमध्ये ५४४ पुरुष, ३३६ महिला र ५१९ वटा आंशिक अङ्ग छन् ।

केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेका अनुसार बाढीपछि हालसम्म चार हजार ८९ जना बेपत्ता छन् । बेपत्ता हुनेमा दुई हजार ९०७ पुरुष, ५७२ महिला, २७२ विदेशी पुरुष र ३२८ विदेशी महिला छन् ।

बाढीमा परी घाइते भएका नौ हजार २८७ जनाको उद्धार गरिएको प्रवक्ता काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार फेला परेका शवको पहिचानका लागि 'डिएनए' नमुना सङ्कलनलगायत आवश्यक प्रक्रिया पूरा गरी हालसम्म एक हजार २३० शव व्यवस्थापन गरिएको छ ।

"फेला परेका शवको पहिचानका लागि डिएनए नमुना सङ्कलनलगायत आवश्यक प्रक्रिया पूरा गरी हालसम्म एक हजार २३० शव व्यवस्थापन गरिएको छ । पहिचान प्रक्रिया पूरा नभएका शवलाई सुरक्षित रूपमा माटोमुनि राखिएको छ," प्रवक्ता काफ्लेले भन्नुभयो ।

प्रहरीका अनुसार शव पहिचानका लागि मृतकका शवबाट एक हजार २८६ र बेपत्ता व्यक्तिका आफन्तबाट एक हजार ८८९ डिएनए नमुना सङ्कलन गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी, राहत वितरण तथा शव व्यवस्थापनलगायतका कार्यका लागि हालसम्म सात हजार ९७५ जना प्रहरी कर्मचारी परिचालन गरिएको प्रवक्ता काफ्लेले बताउनुभयो ।

यसैगरी, विभिन्न जिल्लामा स्थापना गरिएका होल्डिङ सेन्टरमा हाल तीन हजार ४४० जना रहेको प्रहरीले जनाएको छ ।

**त्रिवि शिक्षण अस्पतालमा आठ जनाको उपचार हुँदै**

यसैबिच रसुवा बाढीमा परी घाइते भएका आठ जना बिरामीको त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जमा उपचार भइरहेको छ ।

शिक्षण अस्पतालका प्रवक्ता एवं वरिष्ठ न्यूरो सर्जन डा. गोपाल सेढाईंले अस्पतालमा उपचारका लागि ल्याएका ८३ जना घाइतेमध्ये हाल आठको उपचार भइरहेको जानकारी दिनुभयो । डा. सेढाईंका अनुसार हाल मीनबहादुर श्रेष्ठ, पवित्रा कार्की, पेमा तामाङ, राजेन्द्र भट्ट, तेजबहादुर तामाङ, महेश्वर शाह, निमा दोर्जे तामाङ र चण्डिका श्रेष्ठको उपचार भइरहेको छ । यस्तै, अस्पतालमा ल्याइएका घाइतेमध्ये मङ्गलबार बिहानसम्म ६९ जना उपचारपछि फर्कनुभएको छ ।

अस्पतालमा ल्याएका मध्ये एकको भने उपचारका क्रममा मृत्यु भएको अस्पतालले जनाएको छ ।

**अझै सुदूरपश्चिमका १४३ सम्पर्कविहीन, ७१ जना सम्पर्कमा आए**

भोटेकोसी बाढीका कारण हराएकामध्ये ७१ जना सम्पर्कमा आएका छन् । प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको अभिलेखअनुसार हालसम्म रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन र तनहुँमा कार्यरत सुदूरपश्चिमका १४३ जना सम्पर्कविहीन छन् भने एक जनाको मृत्यु भएको छ ।

गत भदौ १० को बाढीपछि सुदूरपश्चिमका विभिन्न जिल्लामा घर ठेगाना भएका तर प्रभावित क्षेत्रमा कार्यरत व्यक्तिहरू बाढीपछि सम्पर्कविहीन भएको भन्दै केन्द्रमा गुनासो आएका थिए । पछि ७१ जना सम्पर्कमा आएको जानकारी प्राप्त भएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका विपद् शाखा प्रमुख जनक धामीले जानकारी दिनुभयो ।

हालसम्म सम्पर्कमा आएकामध्ये ११ महिला र ६० पुरुष र सम्पर्कविहीन भएकामा १३ महिला र १३० पुरुष रहेका उहाँले जानकारी दिनुभयो । जिल्लागत विवरणअनुसार कैलालीका सबैभन्दा धेरै ६७ जना सम्पर्कविहीन छन् भने ५३ जना सम्पर्कमा आएका छन् । सम्पर्कविहीन र सम्पर्कमा आएकामध्ये क्रमशः कञ्चनपुरका २६ र ११, डडेल्धुराका १७ र छ, डोटीका दुई र एक जना छन् । यस्तै, बाजुराका १६ जना, बैतडीका सात, दार्चुलाका चार, बझाङका दुई र अछामका दुई जना अझै सम्पर्कविहीन छन् । बैतडीका एक जनाको मृत्यु भएको र शव बुझी अन्त्येष्टि गरिसकिएको आपत्कालीन कार्यसञ्चालन केन्द्रको अभिलेखमा उल्लेख छ ।

बाढीपछि सम्पर्कविहीन भएका व्यक्तिहरूका परिवार तथा आफन्तले आपत्कालीन केन्द्रमा गुनासो दर्ता गराएका थिए । सम्पर्कविहीनहरूको अवस्था यकिन गर्न उद्धार तथा खोजी कार्यलाई प्रभावकारी बनाउन आफन्तहरूले केन्द्रमार्फत आग्रह गरिरहेका छन् । **रासस**

# अपहरणमा परेको १२ दिनपछि १५ महिने बच्चाको सकुशल उद्धार

जनकपुरधाम, ३० भदौ । धनुषाको बिदेह नगरपालिकाबाट किरब दुई साताअघि अपहरणमा परेका १५ महिने बालकको प्रहरीले सकुशल उद्धार गरेको छ ।

यही भदौ १८ गते अपहरणमा परेका धनुषाको बिदेह नगरपालिका-६ कमलेश महतोको १५ महिने छोरा सिद्धान्त महतोलाई गए राति सोही नगरपालिका-१ स्थित दशगज्जा क्षेत्रबाट सकुशल उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलनमार्फत जानकारी दिएको हो ।

बच्चालाई छाडेर भागेँ गरेको अवस्थामा धनुषाको कमला नगरपालिका-९ पुनितादेवी पासवानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताउनुभयो । बच्चा अपहरणमा परेको सूचना पाए लगत्तै तालिम प्राप्त कुकुरसहित प्रहरीको टोलीले खोजतलाश अनुसन्धान गर्दै जाँदा बच्चा राखेको ठाउँमा प्रहरी पुगेपछि बच्चालाई छोडेर भाग्न खोज्दा ती महिलालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

सकुशल उद्धार गरिएका बच्चालाई अभिभावकको जिम्मा लगाइएको छ भने पक्राउ परेकि महिलामाथि अपहरण, शरीर बन्धक, मानव बेचबिखन तथा ओसारपोसारसम्बन्धी अभियोगमा मुद्दा दर्ता गराइ थप अनुसन्धान भइरहेको जानकारी दिइएको छ । **रासस**

। सम्पादकीय ।

# साम्राज्यवादीहरूको डलरको कब्जामा नेपाली युवा नपरौं !

संरा अमेरिकी खोज पत्रकार किट क्लारेनवर्गले त्यहाँको सञ्चारमाध्यम 'द ग्रेजोन' मा अमेरिकी केन्द्रीय गुप्तचर संस्था सीआइएले NED,CEPPS,IRI, NDI मार्फत नेपालमा ३ अर्ब डलरभन्दा बढी खर्च गरी रास्वपा र तिनका नेताहरूलाई हुर्काएको अमेरिकी गुप्त दस्तावेजमा उल्लेख भएको खुलासा गरे । क्लारेनवर्गको लेखमा गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवसँग जोडिएका काठमाडौं महानगरका प्रमुख बालेनले आगजनी निभाउन जानाजान दमकल नपठाएको, 'हामी नेपाल' संस्थाका सुधनले उपद्रोको संयोजन गरेको, रास्वपा सांसद रन्जु दर्शनालगायतलाई महिला अधिकर्मी बनाउन तालिमलगायत विषयमा उल्लिखित संस्थाहरूबाट आर्थिक सहयोग भएको उल्लेख छ । क्लारेनवर्गले आफ्नो लेखमा गत वर्ष भदौ २३ र २४ गते देशभरिझैं उपद्रो र सरकारी भवन आगजनी गरिँदा काठमाडौं महानगरका कुनै भवनमा क्षति नभएको र सिंहदरबारभित्र नेपाली सेनाको छाउनी भए पनि बढी आगजनी भएको 'रोचक' भनी उल्लेख गरे ।

संरा अमेरिकाको हिन्द–प्रशान्त रणनीति, २०१९ को प्रतिवेदनमा पनि अमेरिकी आज्ञाकारी देशहरूसँग सैन्यमोर्चा बनाई साम्राज्यवादविरोधी देशहरूलाई घेर्ने विषय क्लारेनवर्गको लेखमा उल्लेख छ । यो रणनीतिअन्तर्गत नै संरा अमेरिकाले नेपालसँग भारतको हितमा एमसीसी सम्झौता गरेको हो । त्यतिबेला यो विषयबारे नेपालको सडक र संसद्मा विरोधको आवाज उठेको थियो । एमसीसी सम्झौतामा अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने प्रावधान भए पनि व्याख्यात्मक टिप्पणी बनाएर नेका र तत्कालीन माओवादीले संसद्बाट पारित गरे भने एमालेले मौन समर्थन गऱ्यो । नेमकिपाले देशघाती एमसीसी सम्झौताविरुद्ध सडक र संसद्मा विरोध गऱ्यो र गर्दै छ ।

क्लारेनवर्गले आफ्नो लेखमा गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव र आगजनीबारे हप्तौंसम्म घटनास्थलमा विज्ञको अनुसन्धान नगराइएको, त्यतिबेलासम्म प्रमाण मेटिने सम्भावना भएको, भवन आगजनीबारे नेपाली सेनाको प्रतिक्रिया निकै सुस्त भएको उल्लेख गरे । यतिबेला 'द ग्रेजोन' को यो लेख सामाजिक सञ्जालमा छाए पनि नेपालका कतिपय दैनिक अखबारमा त्यति छापिएन । यो पनि रहस्यको विषय हो । क्लारेनवर्गले बालेन रास्वपामा प्रवेश गरेलगत्तै 'द काठमाडौं पोस्ट' मा रास्वपा 'राजनीतिक महाबली' बनेको समाचार प्रकाशित भएको पनि आफ्नो लेखमा उल्लेख गरे । यसरी सीआइएले ती देशका सञ्चारमाध्यमलाई आफ्नो अनुकूल हिँडाउन पनि तखतमा राख्ने गरेको पुष्टि भयो ।

नेका, एमाले, तत्कालीन माओवादीले नेपालको माथिल्लो कर्णाली जलविद्युत् योजना भारतको जीएमआर कम्पनीलाई दिएपछि नेपाली जनताको विरोध भयो । जीएमआरले यो विरोधलाई मत्थर पार्न गुनासो गर्नेहरूलाई सुर्खेतका होटलमा खुवाउने, पिलाउने र आर्थिक लोभमा फसाउने नीति अघि बढायो । यस्तो काम देशघाती महाकाली सन्धिको विरोध गर्नेहरूलाई पनि भारतीय दलालमार्फत कञ्चनपुरमा खुवाउने र पिलाउनेलगायत लोभमा फसाएको सार्वजनिक भएको थियो ।

संरा अमेरिकाको 'न्युयोर्क टाइम्स' पत्रिकामा गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव र विनाशबारे गठित छानबिन आयोगमा रास्वपाका रवि, बालेन, सुधनलगायतसँग बयान लिइएको, पश्चिमा सञ्चार माध्यममा नेपालमा भएको यो आगजनी 'योजनाबद्ध' भनी प्रकाशित भएको तर संलग्नहरूमाथि कुनै कारबाही नभएको प्रकाशित विषय पनि क्लारेनवर्गले आफ्नो लेखमा उल्लेख गरे । सुधनको 'हामी नेपाल' को डिस्कर्ड सर्भरमा गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवसम्बन्धी हिंसात्मक सन्देशहरू ओइरो लागेको, 'हामी नेपाल'ले देशको शक्तिशाली सेनासँग मिलेर त्यसो गरेको पनि क्लारेनवर्गको लेखमा उल्लेख छ ।

रास्वपा र यसको सरकार गठनको पृष्ठभूमि नै नेपाली जनताका धरातलमा आधारित नभएको खुल्दै गएको छ । साम्राज्यवादीहरूले गैरसरकारी संस्थामार्फत डलर पठाएर नेपालीलाई कब्जा गर्दै आएको र २०६२ सालपछि द्वन्द्व व्यवस्थापन, २०७२ सालको भूकम्प, २०७६ को कोभिड-१९ र २०८३ को रसुवा हिमबाढीपछि पुन:स्थापना र मनोपरामर्शको नाममा डलरको ओइरो लगाएको हुँदा नेपाली जनता थप सचेत हुनु जरुरी छ ।

# विल्फ्रेड ग्राहम बर्चेट (सन् १९११–१५८३) को सङ्क्षिप्त चर्चा

विल्फ्रेड ग्राहम बर्चेट (Wilfred Graham Burchett) दक्षिण-पूर्वी एसिया, खास गरेर हिन्द-चीनको स्थितिको सच्चाइ संसारलाई बताउने पहिलो पत्रकार हुन् । सन् १९५७ मा प्रकाशित 'मेकोङको जागरण' (Mekong Upstream) का लेखक र सन् १९७२ मा प्रकाशित राजकुमार नरोदम सिंहानोकको 'अमेरिकी केन्द्रीय गुप्तचर विभागसँग मेरो युद्ध' (My War With The CIA) का सहयोगी विल्फ्रेड बर्चेट एक चर्चित र सङ्घर्षशील पत्रकार हुन् । उनको 'विद्रोही पत्रकार' भन्ने आत्मकथाका भूमिका-लेखक निक शिम्मिन (Nick Shimmin) को भनाइमा 'अस्ट्रेलियाको सबभन्दा राम्रो पत्रकार र संसारका अहिलेसम्मका सबभन्दा राम्रा विदेश संवाददाताहरूमध्ये एक हुन् ।' बेलायती विद्वान् बर्ट्रान्ड रसेल (Bertrand Russel) को भनाइमा उनी 'समकालीन इतिहासकार र अति सचेत पत्रकार हुन् ।'



सन् १९६६ मा 'दक्षिण भियतनामको मुक्त इलाकाहरूमा मेरो यात्रा' (My visit to the Liberated Zones of South Vietnam) र सन् १९७४ मा स्वीडेनको स्टकहोम (Stockholm–Sweden) मा अस्ट्रेलियाका एक लेखक र पत्रकारको रूपमा विदेश नीति बारेमा स्वीडेनेली समाज (The Swedish Society for Foriegn Policy) द्वारा आयोजित 'कोरिया कोरियालीहरूको' (Korea for Koreans) भन्ने एक गोष्ठीमा विल्फ्रेड




बर्चेटले दिएको प्रवचन 'कोरियाको राष्ट्रिय अधिकारको लागि सङ्घर्ष' (The struggle for Korea's national rights) अत्यन्त स्मरणीय छ ।

सन् १८७६ तिरै बर्चेटका हजुरबुबा बेलायतबाट अस्ट्रेलिया बसाइँ सरेका थिए । उनले अस्ट्रेलियाको पूयोङ्ग (Pooyong) नजिकको दक्षिण-पूर्वी गिप्सल्यान्ड (Gippsland) को ३२० एकड झाडी भूमि लिएका थिए ।

विल्फ्रेड ग्राहम बर्चेट (Wilfred Graham Burchett) को जन्म सन् १६ सेप्टेम्बर १९११ मा अस्ट्रेलियाको मेलबर्नमा जर्ज (George) र मेरी बर्चेट (Mary Burchett) बाट भएको थियो । ब्वा जर्ज बर्चेट सन् १९२० तिरका वास्तुकलाविद (Architect) थिए र आफै सिकर्मी पनि हुँदा स्थानीय सामग्रीबाटै अस्ट्रेलियामा आफ्नै ढङ्गको पहिलो घर बनाएका थिए । तर, काकाको फोक्सोको रोग (Pneumonia) र दिदीको हाडको क्यान्सर (Sarcoma) को कारण धेरै आर्थिक बोझ पऱ्यो । फेरि बाली बिग्रनु र आगलागीको कारण ठूलो क्षति भई बर्चेट परिवार आर्थिक रूपले टाट पल्टियो र सम्पत्ति लिलाम भयो । सानोमा उनको अध्ययन राम्ररी चलेको थियो । विशेष कारणले उनले विद्यालय छोडी अरूको पसलमा तथा कृषि मजदुर भएर पनि काम गरे ।

सन् १९२९ तिर आर्थिक मन्दी वा विश्व आर्थिक सङ्कट सुरु भयो । विल्फ्रेड परिवारलाई बोझ नदिने उद्देश्यले अस्ट्रेलियाको उत्तरतिर लागे र उखु खेती र चिनी कारखानामा काम गरे । आफ्नो घर पुयोङको खेतबारी आफ्नै नातेदारले लिए, उनका बुबा जर्ज एक राष्ट्रवादी र रुढीवादी भएको हुँदा एउटा राजनैतिक पार्टीमा लागेर मेलबर्नका बुद्धिजीवीहरूलाई समेत निमन्त्रणा गरेर छलफल गर्ने गर्थे । कामबाट फुर्सद पाएपछि विल्फ्रेडले आफ्नो स्व-अध्ययनलाई चालू राखे । विदेशी भाषाहरू पढेपछि उनले पत्रकारिताको अध्ययनमा आफ्नो मन लगाए । १८-२० वर्षका युवा विल्फ्रेड उखुबारी र मिलमा काम गर्ने मजदुरहरूको मेहनत, अडान, एकता र सङ्घर्षशीलताबाट अति प्रभावित भए । उनले थाहा पाए-सङ्गठन र एकताले अनेक सफलता प्राप्त हुन्छ ।

सन् १९३४ को कुरा हो । युरोपमा फासीवादीहरू अगाडि बढ्दै थिए । युद्ध र फासीवादको विरोधमा प्रचार गर्न इगोन किस्व (Egon Kisch) भन्ने एक चेकाली लेखक अस्ट्रेलिया पुगेका थिए । अस्ट्रेलियाको गृहमन्त्री मेन्जीस (Menzies) अस्ट्रेलियामा फासीवादविरोधी गतिविधि गर्न नदिने जिद्दी गर्दै थिए । उनको भनाइ थियो- अस्ट्रेलियाली राष्ट्रमण्डलको भूमिमा फासीवादविरोधीलाई पाइला टेक्न दिइने छैन । इगोन किस्वको राहदानी र गुन्टा सीड्नीमै जफत गरियो । जहाज मेलबर्न रमाना भयो ।

मेलबर्न (Melbourne) मा इगोन किस्व जहाजबाट हाम फाले, उनको खुट्टा भाँचियो, हो-हल्लामा उनलाई फेरि जबरजस्ती जहाजमा राखियो । जहाज सीड्नी (Sydney) पुग्यो । त्यहाँ उनलाई खुट्टाको उपचार वा सिमेन्टी हाल्न लगियो । गैर-कानुनी ढङ्गले त्यस देशमा प्रवेश गरेको हुँदा उनी पक्राउ परे, अपिल गरियो र धरौटीमा छोडियो र पछि अदालतमा पठाइयो ।

किस्वले अदालतमा भने, "मेरो अङ्ग्रेजी टुक्राटाक्री छ, मेरो खुट्टा पनि भाँचिएको छ, तर मेरो मुटु भाँचिएको छैन, युरोपको फासीवादविरोधी आन्दोलनले मलाई यही कर्तव्य पूरा गर्न पठाएको हो, अस्ट्रेलियाली जनताको माझमा बोल्दा मैले आफ्नो कर्तव्य पूरा गरेको अनुभव गर्दै छु ।"

उनको भाषण टुङ्गिएपछि सबै अस्ट्रेलियाली जनतासँगै विल्फ्रेड पनि मुठ्ठी उठाउँदै अन्तर्राष्ट्रिय गीत गाउँदै सडकमा उत्रे । अदालतले उनलाई गैर-कानुनी बसोबास गरेकोमा ६ महिनाको कैद सजाय गऱ्यो । उनी झन् आकर्षण र चर्चाको केन्द्र बन्न पुगे । यसकारण, गृहमन्त्रीले उनलाई राहदानी, सामान, १५०० पाउन्ड (£1500) खर्च र टिकट दिएर युरोप फर्काए ।

त्यसबारे बर्चेटले भने, "किस्व तत्काल मेरो नायक बने । उनको मानवीय गुण, उनको शारीरिक र नैतिक साहसले मलाई प्रभाव पाऱ्यो, जीवनको राम्रो उद्देश्यको निम्ति अन्यायसँग लड्न र त्यसलाई उदाङ्ग्याउने उनको कलमको शैलीले म प्रभावित भएँ । अचेत मनले मैले उनलाई प्रगतिशील पत्रकारको आदर्शको रूपमा लिएँ ।"

सन् १९३६ अर्थात् २५ वर्षको उमेरमा उनले पर्यटन सेवा (Travel Agency) मा काम पाई अस्ट्रेलियाबाट बेलायत पुगे । त्यहाँ पछि उनलाई बेलायतमा सोभियत राजदूतावासबाट पर्यटन कार्यालय खोल्न निमन्त्रणा गऱ्यो । कार्यालय खुल्यो तर बेलायत र सोभियतसङ्घबिच एक कूटनैतिक विवाद उठी उक्त कार्यालय बन्द भयो । उनले बेलायतबाटै पत्रकारितालाई अँगाले ।

पर्यटकहरूको यात्राबारे बर्चेटलाई राम्रो अनुभव भएपछि उनले आप्रवासीहरूलाई जर्मनीबाट बेलायत र अमेरिका पठाउने काम गर्न थाले । त्यही सिलसिलामा सन् १९३८ मा जर्मन यहुदी इर्ना हाम्मर (Erna Hammer) सँग भेटघाट भयो र त्यो चिनाजानी विवाहमा परिणत भयो । त्यसबेला उनी २७ वर्षका थिए । उनी फासीवादको केन्द्र जर्मनीमै पुगे ।

अस्ट्रेलियाको पूर्वी दिशामा प्रशान्त महासागरको दक्षिणतिर न्यु क्यालेडोनिया (New Caledonia) भन्ने एक टापु छ । त्यो टापु फ्रान्सेली उपनिवेश हो । २० हजार वर्ग किलोमिटर भएको उक्त टापुको एक-डेढ लाख जनसङ्ख्या थियो । त्यहाँ एक विद्रोह भड्किएको थियो । बर्चेट अस्ट्रेलियाली भएको हुँदा बेलायतको 'दैनिक वाणी' (Daily Express) पत्रिकाले उनलाई एक स्वतन्त्र पत्रकारको रूपमा परिचय-पत्र दियो । यसरी सन् १९४० बाट उनी पत्रकारिताको पेसामा पूर्ण रूपले लागे । उनले चीन, बर्मा र अमेरिकी युद्ध अभियानहरूका क्षेत्रका समाचारहरू पनि लेखे । त्यसबेला उनी २९ वर्षका जल्दाबल्दा युवा थिए । भारत र बर्मामा पुग्दा सिङ्गापुर जापानको कब्जामा जानुको कारण जानाजानै बेलायतको ढिलासुस्ती हो भनी उनले व्याख्या गरे ।

दोस्रो विश्व युद्धको समय थियो, चीनले जापानी साम्राज्यवादलाई धपाउँदै थियो, पूर्वी रुसबाट पनि जापान पछि हट्दै थियो, फिलिपिन्स, इन्डोनेसिया, मलेसिया र बर्मामा समेत कम्युनिस्टहरू लड्दै थिए । भियतनाम, लाओस र कम्बोडियामा जापान पछि हट्दै थियो । लडाइँ पूर्वमा यथावत् चालू रहेमा पूर्वी एसिया पूरै कम्युनिस्टहरूको प्रभाव क्षेत्र हुने, जापान र अमेरिकाको बिचमा लडाइँ भइरहेमा दुवै देशको अझ धेरै धन-जनको क्षति हुने पश्चिमी देशहरूले अनुमान गरे । यसकारण, तत्काल जापानलाई आत्मसमर्पण गराउन नयाँ हतियारको प्रयोग गर्न पश्चिमी देशहरू लागिपरे ।

जापानलाई आत्मसमर्पण गराउन अमेरिकाले ६ अगस्टको दिन जापानको दुई सहर हिरोसिमा र नागासाकीमा आणविक बम खसाल्यो । लाखौं जनता तत्काल मरे, सहर ध्वस्त भयो, इतिहासमा कहिल्यै नभएको संहार भयो । आणविक बमबाट विकिरण फैलिने कुरा प्रचारमा आइसकेको थिएन । २ सेप्टेम्बर १९४५ को दिन बर्चेट जापानको राजधानी टोकियोको रेलबाटै हिरोसिमा पुगे । उनी नै त्यस विनाशपछि पुगेको पहिला पश्चिमेली व्यक्ति थिए ।

बाँकी पृष्ठ ७ मा


DAILY EXPRESS
No. 14,119 Lighting-up: 8.39 pm to 5.20 am WEDNESDAY SEPTEMBER 5 1945 Weather: Dull, cool One Penny

30th DAY in Hiroshima: Those who escaped begin to die, victims of—

THE ATOMIC PLAGUE

'I write this as a warning to the world'

DOCTORS FALL AS THEY WORK

Poison gas fear: All wear masks

Express Staff Reporter PETER BURCHETT

HIROSHIMA, Tuesday.

IN Hiroshima, 30 days after the first atomic bomb destroyed the city and shook the world, people are still dying, mysteriously and horribly—people who were uninjured in the cataclysm—from an unknown something which I can only describe as the atomic plague.

Hiroshima does not look like a bombed city. It looks as if a monster steamroller had passed over it and squashed it out of existence. I write these facts as dispassionately as I can in the

3,320,173 AMAZES

THE PICTURE THAT DOES NOT TELL THE WHOLE STORY

The big switch: 'Over by spring'

By TREVOR EVANS

UNDER present demobilisation plans it is expected that industry's switch from war to peace conditions will not be

4.30 a.m. LATEST

PRISONERS RUN JAP CITIES

# स्टुअार्ट वंश र बेलायती प्रजातान्त्रिक क्रान्ति

✍ प्रधान



राजा चार्ल्स द्वितीय



राजा जेम्स द्वितीय



नेता ओलिभर क्रामवेल

### क्रामवेल अझै तानाशाह

क्रामवेल आफै संरक्षक (Lord Protecter) बने, संसद्ले उनलाई नै निर्देशक, कमाण्डर र शासक बनायो। उनकै हातमा सम्पूर्ण अधिकार केन्द्रित भयो र बेलायत एक प्रकारको सैनिक शासनको मातहतमा रह्यो। उनले संसद् बोलाउँथे र आफ्नो इच्छाअनुसारको संसद्लाई प्रस्तावहरू पारित गराउँथे र संसद् त्यसको निम्ति तयार भएन भने संसद्लाई भङ्ग गर्ने।

पाँच वर्षसम्म क्रामवेलले बिनासंसद् राज्य गरे। त्यस अवधिमा बेलायती सरकार बलियो भयो र सबै युरोपेली देशहरू बेलायतलाई एक सशक्त देशको रूपमा मान्न थाले। बेलायत त्यसबेला एक धार्मिक राज्य वा बाइबलको नैतिकता मान्ने र प्रोटेस्टेन्ट चर्चलाई मान्यता दिने एक देशको रूपमा प्रस्तुत भयो।

पश्चिमी टापुहरूमा वा जमैका द्वीपमा समेत बेलायतको आधिपत्य कायम भए पनि बेलायतको सैनिक शासनले क्रामवेल स्वयं सन्तुष्ट थिएनन् र जनता पनि त्यस शासनलाई तानाशाही व्यवस्थाको रूपमा लिन्थे। बढी काम र राज्य शासनको अनेक पीरले क्रामवेल बिरामी भए।

समानतावादी र जोताहाहरूजस्ता क्रान्तिकारी र प्रजातान्त्रिक शक्तिहरू एकातिर दबाइसकिएका थिए भने सत्ताबाट फ्याकिएको सामन्तवर्ग पुन: सत्तामा पुग्ने षड्यन्त्र गर्दै थियो। क्रामवेल त्यसरी न तल्लो वर्गको रह्यो न त माथिल्लो वर्गको। उनको मृत्युपछि बेलायतको भविष्यबारे उनी साह्रै चिन्तित हुनु स्वाभाविक थियो।

तर, सन् १६५८ मा उनी सिकिस्त भए र मृत्यु शय्यामा उनले भने, "मेरो काम पूरा भयो। ईश्वरले तपाईंहरूको रक्षा गर्नेछन्।" पहिलो वाक्यमा उनमा निराशाको अनुमान र लाचारी देखिन्छ भने दोस्रो वाक्यमा बेलायतको भविष्य अनिश्चित भएको उनको अनुमान अभिव्यक्त हुन्छ।

### रिचार्ड क्रामवेल

क्रामवेलको मृत्युपछि उनको छोरा रिचार्ड क्रामवेललाई प्रमुख संरक्षक वा बाबुको उत्तराधिकारी बनाइयो। तर, उनीसँग न राजनैतिक नेतृत्वको गुण थियो न त सैनिक नेतृत्वको गुण। उनले महत्वाकाङ्क्षी सैनिक अधिकारीहरूको बढ्दै गएको प्रभावलाई काबुमा ल्याउन सकेनन्, साथै पुरानो सामन्तवर्ग र उठ्दो नयाँ भूमिपति र खानदानीहरूको राजतन्त्रलाई पुनर्स्थापना गर्ने इच्छा र षड्यन्त्रलाई नियन्त्रण गर्न सक्दैनथे। यसकारण, उनले सन् १६५९ मा प्रमुख संरक्षक पदबाट राजीनामा दिए र गाउँले जीवन बिताउन हिँडे।

रिचार्ड क्रामवेलको राजीनामाले बेलायत केही महिनासम्म अलमलमा पर्‍यो। प्रजातन्त्र एक प्रकारले असफल साबित भयो। सत्ताबाट फालिएका पुराना सामन्तवर्ग भित्रभित्र सक्रिय थियो र चार्ल्स प्रथमको छोरालाई पुन: राजसिंहासनमा राख्ने प्रचार गर्दै लोकमत तयार गर्दै थियो।

यस्तै अन्योलको समयमा स्कटल्यान्डका सेनापति जनरल म्याक लण्डन पुगे र उनले राज्यको बागडोर आफ्नो हातमा लिए। १६६० मा उनले 'लामो संसद्' लाई पुन: आह्वान गरे। त्यस संसद्ले नै राजा, अभिजात वर्ग (लर्डहरू) र जनता (कमन हक) ले शासन चलाउने सिद्धान्त पारित गर्‍यो।

चार्ल्स दोस्रोलाई बेलायत बोलाइयो- जहाँ तहीँ उनको धुमधामसँग स्वागत गराइयो र उनले जनतालाई विश्वास दियो - "यति लामो समयसम्म म विदेशमा घुम्दै फिर्दै गर्नु मेरो गल्ती रहेछ भन्नेमात्र मलाई अनुभव हुँदैछ।"

बेलायती क्रान्ति वा प्युरिटन क्रान्तिले एकै बाजी राजा अभिजात वर्ग र धर्मको विरोधमा विद्रोह गर्‍यो। धर्मको विरोध गर्दा नैतिकता समाप्त भएर समाजमा बेइमानी र विश्वासघात गर्ने प्रवृत्तिलाई अगाडि बढाइयो। आइतबारको बिदालाई समेत धर्मविरोधी घोषणा गर्दा जनता चिढिए। यसरी चौतर्फी सङ्घर्ष क्रान्ति असफल हुनुको कारण बन्यो।

तर, प्युरिटन क्रान्तिका केही अमिट छापहरू पनि बेलायती जनतामा परे। त्यस क्रान्तिले बेलायतीहरूमा एक प्रकारको आत्मगौरवको विकास गरायो। मिल्टनको 'स्वर्गलाई गुमायो र स्वर्गलाई पायो' भन्ने पुस्तक र बनियनको 'यात्रीको उन्नति' भन्ने पुस्तकमा त्यसबेलाका बेलायतीहरूको मनोभावना प्रस्टिन्छ।

### चार्ल्स दोस्रो (१६६०-१६८५)

चार्ल्स दोस्रो समझदार र होशियार भए पनि खर्चालु र भ्रष्ट आचारको भएको हुँदा उनलाई 'मनमोजी' राजा भनिन्थ्यो। उनी काम र विचारलाई घृणा गर्थे। मनमा डर र त्रास भए पनि उनी स्वेच्छाचारी बन्ने लोभमा फसिरहेका थिए र उनले भने, "म दोस्रोचोटि देश छोड्न चाहन्न।"

उनले सबै राजद्रोहहरूलाई क्षमादान दिए। तर, उनको पिता चार्ल्स प्रथमलाई फासीको सजाय सुनाउने सर हेनरी वेन र अरु न्यायाधीशहरूलाई निर्दयतापूर्वक हत्या गर्न दिइयो तथा मरिसकेका र गाडिसकेका न्यायाधीशहरूलाई चिहानबाट निकालेर झुन्ड्याउन दिइयो। प्रजातान्त्रिक सेना भङ्ग गरियो र बेलायती चर्चलाई पुनर्स्थापना गरियो। प्रतिक्रान्तिले विजय प्राप्त गर्‍यो र बेलायतमा राजतन्त्रको पुनर्स्थापना भयो।

### नयाँ ऐन-कानुन

सन् १६६४ मा बेलायती चर्चअनुसार ५-५ जना मानिसहरू जम्मा भई प्रार्थना नगर्नेहरूलाई पक्राउ गरी जेल पठाउने र मृत्युदण्ड दिने, ५-५ माइल टाढाटाढा गएरमात्रै अन्य धर्म प्रचार गर्ने र भाषण दिन पाउनेजस्ता ऐनकानुन बनाइयो।

त्यस ऐन-कानुनले धेरै जनता नगर छोडेर बाहिर गए, स्कटल्यान्डमा प्रेसविटेरियन धर्मका मानिसहरूलाई बेलायती सेनाले खोजीखोजी जङ्गल र पहाडमा धपाउन थाले।

### चार्ल्स दोस्रोको फ्रान्ससँग गुप्त सम्झौता

सन् १६६४ मा बेलायतको आन्तरिक स्थिति राम्रो नभएको मौका पारेर हल्यान्डले बेलायतमाथि आक्रमण गर्‍यो। हल्यान्डको समुद्री जहाजहरू थेम्स नदीको मुहानमा घुसेर बेलायती जहाजहरूमा आगो लगाइदियो।

सन् १६६५ मा राजधानी लण्डनमा मूसाबाट फैलिने महामारी रोग प्लेग फैलियो। त्यस रोगले ६ महिनाभित्र एक लाख मानिसहरू मरे।

सन् १६६६ मा लण्डनमा आगो लागेर १३ हजार घरहरू ध्वस्त भए। तर, त्यस आगलागीले प्लेग रोगको अन्त भयो र गल्लीका साँघुरा घरहरू व्यवस्थित घरबजारमा फेरिए।

चार्ल्स दोस्रोले एकातिर बेलायती जनतालाई धर्म र संसद्लाई आदर गर्ने कुरा मुखले भन्दै थिए भने भित्रभित्र उनी फ्रान्सेली राजा लुई चौधौंसँग बेलायतको स्वतन्त्रता र धर्मको विरोधमा जालसाझी गर्दै थिए। राजा धार्मिक हिसाबले रोमन क्याथोलिक थिए। यसकारण, उनले फ्रान्सेली राजा लुई चौधौंसँग बेलायतलाई रोमन क्याथोलिक बनाउने र त्यस वापत फ्रान्सको आर्थिक सहयोग लिएर हल्यान्डमाथि हमला गर्ने एक गुप्त सम्झौता गरे। राजा चार्ल्स दोस्रोको भाइ जेम्स हाकाहाकी रोमन क्याथोलिक धर्मको पक्षपाती थियो। ऊ माथिल्लो सदन ( हाउस अफ कमन लर्ड) को सदस्य थियो।

तर, जनतालाई फ्रान्ससँगको धार्मिक गुप्त सम्झौताबारे थाहा भयो। यसकारण, संसद्ले रोमन क्याथोलिक चर्चलाई मान्ने कोही पनि माथिल्लो सदनको सदस्य बन्न नसक्ने 'टेस्ट आयक्ट' पारित गर्‍यो। यसको अर्थ हो- संसद्को एउटा पक्ष जेम्सलाई गद्दीमा आउन दिन चाहन्थ्यो। तिनीहरू पहिलेका प्युरिटनवादी वा 'कपाल खौरेका' हरूका पुस्ता थिए। तिनीहरूलाई 'ह्वींग' भनिए। पछि तिनीहरू उदार वा लिवरल भनिए।

तर, जेम्सलाई गद्दीमा राख्न चाहनेहरू 'टोरी' भनिए, पछि तिनीहरू अनुदार वा रुढीवादी ( कन्जरभेटिभ) भनिए।

### क्याथोलिक षड्यन्त्र र बन्दी प्रत्यक्षीकरण

सन् १६७८ मा बेलायतमा पनि फ्रान्समा जस्तै प्रोटेस्टेन्ट धर्म मान्नेहरूको हत्या हुने हल्ला फैलियो। त्यस षड्यन्त्रमा धेरै साक्षीहरू देखापरे तथा धेरै रोमन क्याथोलिकहरूलाई ज्यान सजाय भयो।

त्यस अन्योल र ज्यान सजायकै कारण निर्दोष मानिसहरू नमारिकन र व्यक्तिको न्यायको अधिकारको निम्ति आरोपित व्यक्ति नै अदालतलमा उपस्थित गराउनुपर्ने बन्दी प्रत्यक्षीकरण ऐन (हेमियस कर्पस) संसद्बाट पारित भयो।

### जेम्स दोस्रो गद्दीमा (१६८५-१६८८)

सन् १६८५ मा चार्ल्स दोस्रोको मृत्यु भयो र त्यसको ठाउँमा उसको भाइ जेम्सलाई गद्दीमा राखियो। ऊ आफ्नो बाजे र आफ्नो बाबु जस्तै 'दैवी सिद्धान्त' लाई मान्ने निरङ्कुश राजतन्त्रको पक्षमा थियो। ऊ संसद्लाई भङ्ग गर्न चाहन्थ्यो र हाकाहाकी क्याथोलिक प्रार्थना सुन्न सुरु गर्‍यो। केही क्याथोलिकहरूलाई सैनिक पदवी पनि दिइयो। फ्रान्सको राजा लुईसँग निवृत्तिभरण (पेन्सन) वा आर्थिक सहयोग लिन स्वीकार गरी आफ्नो देशमा जनताको धर्मको विरोधमा षड्यन्त्र गर्‍यो। राजा जेम्सको त्यस कार्यबाट सबै जनताविरोधी भए। बेलायती चर्चमा विरोधीहरू (नन् कनफार्मिस्टहरू) लाई खुसी पार्न हाकाहाकी एक घोषणा गरेर तिनीहरूको विरोधी ऐन-कानुनलाई निषेध गर्‍यो। यसको मुख्य उद्देश्य बेलायती चर्चका विरोधीहरूलाई खुसी पार्नु थियो।

त्यस घोषणालाई सबै गिर्जाघरहरूमा पठाइयो तर सबै बेलायती चर्चहरूले त्यस घोषणालाई मान्न अस्वीकार गरे। सात गिर्जाघरका धर्म गुरु विशपहरूले राजदरबारमा एक बिन्तीपत्र लेखेर राजासँग त्यसो गर्ने अधिकार नभएको जाहेर गरे। ती सातै जना विद्वान्हरू पक्राउ परे तथा तिनीहरूमाथि मानहानीको मुद्दा लगाइयो।

राजाको त्यस पाइलाले देशका जनतामात्र होइन अदालतका (जुरी) का सबै न्यायाधीशहरूसमेत रिसाएर साथै विशपहरूलाई स्वतन्त्र गरे। यस फैसलाले जनतामात्र होइन सेनाका सिपाहीहरूसमेत खुसी थिए।

जेम्सकी एउटी छोरी मेरीलाई हल्यान्डका राजकुमार विलियम अफ ओरञ्जसँग विवाह गरिदिएको थियो। तिनी प्रोटेस्टेन्ट धर्म मान्थिन्। जेम्सपछि तिनी नै गद्दीमा बस्ने सम्भावना थियो। यसकारण, जनता जेम्सको अत्याचार र मनपरीलाई सहदै थिए।

तर, सन् १६८८ मा जेम्सको एउटा छोरो जन्म्यो। यसकारण, जेम्सका विरोधीहरूले हल्यान्डको बिलियम अफ आरेञ्जलाई बेलायतको स्वतन्त्रता र धर्मको रक्षा गर्न बेलायत बोलाए। हल्यान्डको डच जहाज बेलायतको किनारामा बिसाएपछि मात्रै जेम्सलाई स्थितिको गम्भीरता थाहा भयो। उसले बेलायती चर्च र संविधानलाई स्वीकार गर्ने वाचा गर्‍यो। तर, सेनाले पनि विलियमलाई समर्थन जनाइसकेको हुँदा आफ्नो सानो छोरो र रानीसहित फ्रान्समा भाग्ने तयारी गर्‍यो र भाग्नुभन्दा पहिले उसले सेनालाई भङ्ग गर्ने घोषणा गरेर गयो। उसको मुख्य उद्देश्य आफूलाई साथ नदिने सेनालाई अलपत्र पार्नु थियो।

### विलियम गद्दीमा (१६८९-१७०२)

विलियम लण्डन पुग्यो र २२ जनवरी १६८९ को दिन एक सभाले जेम्स गद्दी छोडेर भागेको हुँदा त्यस खाली सिंहासनमा आरेन्ज र मेरीलाई राजा र रानी बनाउने प्रस्ताव राखियो। नयाँ राजा र रानी बेलायती जनताको 'अधिकारहरूको प्रतिज्ञापत्र' मा हस्ताक्षर गर्न स्वीकार गरे। ती अधिकारपत्रमा ( क) राजाले जनतामाथि कुनै कर लगाउन नपाउने, (ख) राजाले आफ्नो कुनै सेना राख्न नपाउने, (ग) संसद् नबसेको बेला जनताको स्वतन्त्रतालाई राजाले उल्लङ्घन गर्न सकिनेजस्ता प्रतिज्ञाहरू उल्लेख थिए।

१३ फेब्रुअरी, १६८९ को दिन विलियम र मेरीलाई राजा र रानी घोषणा गरियो र जनताका अधिकारपत्रहरूमा पनि राजा र रानीले हस्ताक्षर गरे।

जेम्सलाई सत्ताबाट फालेको बेलायतको त्यस व्यवस्थाले तलका केही राजनैतिक बन्दोबस्त प्रस्ट पार्‍यो। ती हुन् -

क) बेलायतको राजघरानामा जन्मनासाथै कोही राजा बन्न सक्दैन।

ख) ईश्वरले पनि कसैलाई बेलायतको राजा बनाउन सक्दैन।

ग) जनताको इच्छाले कोही व्यक्ति बेलायतको गद्दीमा बस्न सक्नेछ।

संसद्ले राजा बिलियम र रानी मेरीले हस्ताक्षर गरेको 'अधिकारहरूको प्रतिज्ञापत्र' लाई एक कानुनको रूपमा पारित गर्‍यो। त्यसबाट दुइटा कुरा निर्णय भयो - पहिलो, स्टुअर्ट वंशका राजाहरूले लिन चाहेका अधिकारहरूबाट राजाले नपाउने भयो, दोस्रो बेलायतको सिंहासनमा रोमन-क्याथोलिक राजा बस्न सक्दैन।

जेम्स फ्रान्समा भागेर राजा लुई चौधौंको सहायतामा आयरल्यान्डमा एक सेना खडा गरेर राज्य फिर्ता लिने असफल प्रयास गर्‍यो। युद्धमा जेम्सको पक्ष पराजित भयो र आयरल्यान्डले विलियमको अधिनलाई स्वीकार गर्‍यो।

### संसद्को सर्वोच्चता स्थापित

सन् १६९० मा संसद्ले राज्यको आम्दानी राजा र रानी गद्दीमा बसेको पहिलो वर्षमा मात्र पाउने कानुन पारित गर्‍यो। पहिले हरेक वर्षको राज्यको आम्दानी राजाको हुन्थ्यो। त्यस नयाँ कानुनलाई विलियम र मेरीले असजिलो मानेका थिए। तर, त्यसलाई संसद्ले कानुनको रूप दिइसकेको थियो। त्यसको विरोध गर्नु भनेको जेम्सले जस्तै गद्दी छोड्नु जस्तै हुन्थ्यो। यसरी देशको सबै आम्दानी संसद्को हुँदै गयो। राजाले आफ्नो खर्चको निम्ति पनि संसद् बरोबर राख्नैपर्ने भयो।

संसद्ले 'सैनिक अदालत' (कोर्ट मार्शल) को अधिकार राजालाई एक वर्षको निम्तिमात्र पाउने विधेयक पारित गर्‍यो। 'राजद्रोह-कानुन' लाई र सजायलाई हरेक वर्ष संसद्ले अनुमोदन गर्नुपर्ने भयो।

यसरी देशको आर्थिक मामला र 'राजद्रोहको ऐन' संसद्को मातहतमा आएपछि देशको आय-व्ययको हर्ताकर्ता र सेनाको जिम्मेवारी संसद् भयो। यसरी बेलायतमा संसद्को सर्वोच्चता कायम भयो।

*समाप्त*

*साभार : लर्को बुलेटिन, ६*





संयुक्त राज्य अमेरिकाको राजधानी वासिङटन डीसीमा युद्धपिपासु राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि महाभियोग लगाउन माग गर्दै भएको विरोध प्रदर्शन र पत्रकार सम्मेलनमा सम्बोधन गर्दै अधिवक्ताहरू एवं अभियन्ता जोन बोनिफाज सेप्टेम्बर १४, २०२६ को दिन । *तस्बिर : एएफपी*

# मेल-इन मतदान रोक्ने ट्रम्पको प्रयासमा सर्वोच्च अदालतको रोक

वासिङ्टन, ३० भदौ (एएफपी) । अमेरिकी सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पले नोभेम्बरमा हुने मध्यावधि निर्वाचनअघि मेल-इन मतदानमा प्रतिबन्ध लगाउने प्रयास तत्काल कार्यान्वयन गर्न नपाउने निर्णय गरेको छ । अदालतले प्रशासनले उक्त योजनामाथिको रोक हटाउन गरेको अनुरोध अस्वीकार गरेपछि लाखौँ मतदाताको हुलाकमार्फत मतदान गर्ने अधिकार तत्काल कायम रहने भएको छ ।

नौ सदस्यीय अदालतका छ कन्जरभेटिभ न्यायाधीशमध्ये दुई जनाले निर्णयप्रति असहमति जनाउनुभएको थियो । न्यायाधीश ब्रेट काभानगले ट्रम्पको योजना भविष्यमा कानुनी हुन सक्ने भए पनि राज्य तथा स्थानीय निर्वाचन अधिकारीलाई निर्वाचनअघि त्यसलाई कार्यान्वयन गर्न पर्याप्त समय नरहेको बताउनुभयो ।

ट्रम्पले मार्चमा मेल-इन मतदानमा प्रतिबन्ध लगाउने कार्यकारी आदेश जारी गरेका थिए । उनले कुनै ठोस प्रमाणबिना हुलाकमार्फत हुने मतदानमा धाँधलीको जोखिम रहेको दाबी गरेका थिए । आदेशविरुद्ध डेमोक्रेटिक नेतृत्वका राज्यहरूले संविधानअनुसार निर्वाचन व्यवस्थापनमा राज्यको व्यापक अधिकार रहेको भन्दै अदालतमा चुनौती दिएका थिए ।

ट्रम्पको आदेशले योग्य मतदाताको सूची तयार गरी अमेरिकी हुलाक सेवा ( युएसपिएस) लाई सूचीमा रहेका मतदातालाई मात्र मतपत्र उपलब्ध गराउन निर्देशन दिएको थियो । नर्थ क्यारोलिनासहित केही राज्यले मतदातालाई मेल-इन मतपत्र पठाउन थालिसकेकाले विभिन्न राज्यका अधिकारीले कानुनी अन्योलले निर्वाचन व्यवस्थापनमा अराजकता निम्तिन सक्ने चेतावनी दिएका थिए ।

अमेरिकन सिभिल लिबर्टिज युनियन (एसिएलयु) ले निर्णयलाई मतदान अधिकार, निर्वाचनको अखण्डता र लोकतन्त्रका लागि ठुलो विजय भनेको छ । एसिएलयुकी मतदान अधिकार परियोजनाकी निर्देशक सोफिया लिन ल्याकिनले राष्ट्रपतिले निर्वाचन सञ्चालन नगर्ने र अन्तत: नोभेम्बरको निर्वाचनको निर्णय मतदाताले गर्ने बताए ।

यसैबिच, अमेरिकी हुलाक सेवाका एक कर्मचारीले सेवाले प्रयोग गरिरहेको प्रणाली अव्यवस्थित र हतारमा तयार पारिएको भन्दै लाखौँ मतदाताले मतपत्र प्राप्त गर्न नसक्ने चेतावनी दिएका छन् ।

ट्रम्पले लामो समयदेखि मेल-इन मतदानको आलोचना गर्दै आए पनि यस वर्ष फ्लोरिडाको रिपब्लिकन प्राथमिक निर्वाचनमा आफैँ हुलाकमार्फत मतदान गरेका थिए । उनले मेल-इन मतदानलाई सन् २०२० को राष्ट्रपति निर्वाचन डेमोक्रेट जो बाइडेनले आफूबाट चोरी गरेको भन्ने गलत दाबीसँग जोड्दै आएका छन् ।

सर्वेक्षणहरूले रिपब्लिकन पार्टीले नोभेम्बरको निर्वाचनमा कङ्ग्रेस, विशेषगरी प्रतिनिधिसभामा रहेको आफ्नो साँघुरो बहुमत गुमाउने जोखिम देखाएका छन् । डेमोक्रेटहरू विजयी भएमा उनीहरूले ट्रम्पका नीतिगत योजना रोक्ने र उनीविरुद्ध तेस्रोपटक महाभियोग प्रक्रिया अघि बढाउन सक्ने सङ्केत गरेका छन् ।

# एआईबाट उत्पन्न हुनसक्ने जोखिमका लागि पूर्वतयारीमा जोड

क्यानबेरा, ३० भदौ (सिन्ह्वा) । कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमलाई समयमै पहिचान तथा सम्बोधन गर्न अस्ट्रेलियामा पूर्वचेतावनी प्रणाली विकास गर्न आवश्यक रहेको अस्ट्रेलियाको साइबर गुप्तचर निकायको प्रमुखले बताउनुभएको छ ।

अस्ट्रेलियन सिग्नल्स डाइरेक्टोरेटकी महानिर्देशक अबिगेल ब्राडशाले सोमबार क्यानबेरामा आयोजित एक सम्मेलनमा एआईसँग सम्बन्धित सम्भावित आक्रमणले सरकारी निकाय तथा व्यवसायहरूले प्रयोग गरिरहेका पुराना प्रविधिमा रहेका कमजोरीलाई लक्षित गर्न सक्ने सम्भावना रहेको बताउनुभयो ।

उहाँले सरकारी निकाय तथा व्यवसायहरूले एआईलाई सुरक्षा क्षमता अभिवृद्धि गर्ने उपयोगी माध्यमका रूपमा प्रयोग गर्न सकिने उल्लेख गर्दै सम्भावित जोखिमलाई प्रारम्भिक चरणमै पहिचान गर्न आवश्यक तयारी र सहकार्यलाई निरन्तर प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

ब्राडशाले गुप्तचर तथा सुरक्षा निकायहरूले एआई प्रविधि विकास गर्ने कम्पनीहरूसँग सहकार्यलाई थप सुदृढ गर्दै सम्भावित जोखिमसम्बन्धी सूचना समयमै आदानप्रदान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँका अनुसार यस्तो सहकार्यले सम्भावित सुरक्षा चुनौतीलाई समयमै बुझ्न तथा आवश्यक सावधानी अपनाउन सहयोग पुग्न सक्छ ।

उहाँले साइबर सुरक्षाको क्षेत्रमा प्रयोग हुँदै आएको पूर्वचेतावनी प्रणालीलाई एआईसँग सम्बन्धित सम्भावित जोखिम पहिचानका लागि पनि व्यवस्थित रूपमा विकास गर्न आवश्यक रहेको बताउनुभयो ।

ब्राडशाको यो धारणा एन्थ्रोपिकका प्रमुख कार्यकारी अधिकृत डारियो अमोडेईले एआई विकासको गति केही संयमित बनाउन तथा स्वतन्त्र मूल्यांकनकर्तामार्फत एआई नमुनाहरूको सुरक्षा मापदण्ड परीक्षण गर्न आग्रह गरेको केही दिनपछि आएको हो ।

अमोडेईको उक्त धारणालाई ओपनएआईका प्रमुख कार्यकारी अधिकृत साम अल्टम्यान र एक्सएआईका प्रमुख एलन मस्कले पनि समर्थन जनाएका छन् ।

यसैबिच, अस्ट्रेलियाका विज्ञान, प्रविधि तथा डिजिटल अर्थतन्त्र सहायक मन्त्री एन्ड्र्यु चार्लटनले एआईसम्बन्धी सुरक्षा मापदण्ड निर्धारणको जिम्मेवारी कुनै एक प्रविधि कम्पनी वा देशमा मात्र सीमित गर्नु उपयुक्त नहुने धारणा व्यक्त गर्नुभएको छ ।

उहाँले एआईको सुरक्षित, जिम्मेवार तथा दिगो विकासका लागि सरकार, प्रविधि क्षेत्र, सुरक्षा निकाय तथा अन्तर्राष्ट्रिय समुदायबिच आपसी सम्मान, संवाद, सहकार्य र समन्वयलाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो ।

सम्बन्धित अधिकारीहरूको भनाइले एआई प्रविधिको विकाससँगै देखिन सक्ने सम्भावित चुनौतीलाई समयमै पहिचान तथा व्यवस्थापन गर्न पूर्वतयारी, पारस्परिक सहयोग र समन्वयमा आधारित सुरक्षा संयन्त्रलाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता रहेको देखाएको छ ।

# अगस्टमा राष्ट्रिय अर्थतन्त्र स्थिर रूपमा सञ्चालन

पेइचिङ, ३० भदौ (सिआरआई) । सेप्टेम्बर १५ तारिख चीनको राज्य परिषद्को प्रेस कार्यालयले पत्रकार सम्मेलनको आयोजना गरेको छ । राष्ट्रिय तथ्याङ्क ब्यूरोका सम्बद्ध जिम्मेवार व्यक्तिले अगष्ट महिनामा राष्ट्रिय अर्थतन्त्र स्थिर रूपमा सञ्चालन हुँदै आएको र विकास कार्य पनि नयाँ र उत्कृष्ट दिशातर्फ अग्रसर हुँदै गएको जानकारी दिएका छन् ।

उहाँका अनुसार, एक, औद्योगिक उत्पादन केही छिटो रूपमा विकसित हुनुका साथै उपकरण निर्माण उद्योग र उच्च प्रविधि उद्योग तीव्र गतिले वृद्धि हुँदै आएको छ ।

दुई, सेवागत व्यवसाय स्थिर रूपमा चल्नुका साथै आधुनिक सेवागत उद्योगको वृद्धि प्रवृत्ति राम्रो देखिएको छ ।

तीन, बजारमा बिक्रीको परिमाण विस्तार भएको छ भने सेवासम्बन्धी खुद्रा बिक्री अपेक्षाकृत तीव्र रूपमा बढिरहेको छ ।

चार, स्थिर सम्पत्ति लगानीको परिधि घटेको छ भने बौद्धिक सम्पत्ति उत्पादन लगानी बढ्दै आएको देखिन्छ ।

पाँच, मालसामानको आयात-निर्यात तीव्र गतिले बृद्धि हुनुका साथै व्यापारिक बनौट निरन्तर रूपमा उन्नत हुँदै जानेछ ।

छ, रोजगारको अवस्था समग्रमा स्थिर रहेको छ भने सर्वेक्षणबाट शहर र गाउँबस्तीको बेरोजगारी दर मौसमी रूपमा बढेको देखिएको छ ।

र सात, बासिन्दाको उपभोग्य मूल्य सौम्य रूपमा पुन: उठेको छ भने औद्योगिक उत्पादक मूल्य गत आवको तुलनामा वृद्धि हुने परिधि विस्तार भएको देखिन्छ ।

## विश्व सङ्क्षेप

# ‘चाङचौ ११०’ का सम्पूर्ण सदस्यहरूलाई चिनियाँ राष्ट्राध्यक्ष सीको जवाफी पत्र

पेइचिङ, ३० भदौ (सिआरआइ) हालै, चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङले फुच्यान प्रान्तीय ‘चाङचौ ११०’ का सम्पूर्ण सदस्यहरूलाई जवाफी पत्र पठाउँदै हार्दिक प्रोत्साहन तथा उच्च अपेक्षा व्यक्त गर्नुभएको छ ।

राष्ट्राध्यक्ष सीले ‘चाङचौ ११०’ सार्वजनिक सुरक्षा प्रणालीको उज्ज्वल परिचय भएको र सदस्यहरूले जनसेवा तथा शान्ति सुरक्षामा गरेको परिश्रमको व्यापक प्रशंसा भएको बताउनुभयो । उहाँले जनताको सुख र राष्ट्रको शान्तिको रक्षा गर्नु जनप्रहरीको महत्त्वपूर्ण जिम्मेवारी भएको उल्लेख गर्दै, सबै जनप्रहरीहरूलाई जनसेवाको मूल भावना अपनाई उत्कृष्ट परम्परा अगाडि बढाउँदै, जिम्मेवारीपूर्वक जनताको समस्या समाधान गरी चिनियाँ कम्युनिस्ट पार्टी र जनताको वफादार संरक्षक बन्न आह्वान पनि गर्नुभयो । ‘चाङचौ ११०’ हाल चाङचौ सार्वजनिक सुरक्षा ब्युरोको ११० ब्रिगेडका रूपमा रहेको छ । सन् १९९० देखि यसले ११० आपत्कालीन सेवा छिटो प्रतिकार्य संयन्त्रलाई निरन्तर सुधार गर्दै अपराध नियन्त्रण, सार्वजनिक व्यवस्थापन र जनसेवामा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ र राष्ट्रव्यापी उत्कृष्ट तल्लो इकाईको प्रतिनिधि हो । राष्ट्राध्यक्ष सीले फुच्यानमा कार्यरत रहँदा यस टोलीको ३ पटक निरीक्षण गर्नुभएको थियो । हालै, सदस्यहरूले राष्ट्राध्यक्ष सीलाई पत्र लेखी कार्यप्रगति र जनसेवाबारे जानकारी गराउँदै नयाँ यात्रामा कर्तव्यनिष्ठ रूपमा कार्य गर्ने दृढ सङ्कल्प व्यक्त गरेका छन् ।

# इरान युद्धले अमेरिकी हतियार भण्डारमा दबाब

वासिङ्टन, ३० भदौ (एएफपी) । इरानविरुद्धको सैन्य अभियानका कारण अमेरिकी रणनीतिक हतियार भण्डारमा कमी आएको र हतियार पुन:आपूर्तिमा औद्योगिक अवरोध देखिएको अमेरिकी रक्षा विभागका महानिरीक्षकले बताएका छन् । कङ्ग्रेसलाई बुझाइएको प्रतिवेदनअनुसार ‘अपरेसन एपिक फ्युरी’ को फेब्रुअरी २८ देखि जुन ३० सम्मको अनुमानित लागत ३३ अर्ब ४० करोड अमेरिकी डलर पुगेको छ भने २२ अर्ब ३० करोड डलर खर्च भइसकेको छ ।

प्रतिवेदनले अभियानमा ठुलो मात्रामा हतियार प्रयोग हुँदा रणनीतिक भण्डार घटेको उल्लेख गरेको छ । युद्धका क्रममा चार एफ-१५ विमान र ३० एमक्यू-९ रिपर ड्रोन नष्ट भएका तथा एउटा एफ-३५ र सात केसी-१३५ ट्याङ्कर विमान क्षतिग्रस्त भएका छन् ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले भने हतियार भण्डारमा कमी आएको चिन्ता अस्वीकार गर्दै अमेरिकासँग ‘लगभग असीमित’ गोला-बारुद रहेको बताउनुभएको छ । सोमबार उहाँले अमेरिकाले इतिहासकै सबैभन्दा उत्कृष्ट र ठुलो परिमाणमा हतियार उत्पादन गरिरहेको दाबी गर्नुभयो ।

यसअघि सिएनएनले लामो दूरीका क्षेप्यास्त्र र हवाई प्रतिरक्षा प्रणालीका अवरोधक क्षेप्यास्त्रको अभावले अमेरिकी रणनीतिमा असर परेको जनाएको थियो । अमेरिकी सेनाले थाड प्रणालीका करिब ८० प्रतिशत अवरोधक क्षेप्यास्त्र प्रयोग गरिसकेको बताइएको छ ।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार युद्धको पहिलो २४ घण्टामै अमेरिकी सेनाले एक हजारभन्दा बढी लक्ष्यमा आक्रमण गरेको थियो । प्रतिवेदनले इरानी आक्रमणबाट कुवेत, बहराइन, कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, इराक, ओमान र जोर्डनस्थित अमेरिकी सैन्य आधारका सयौँ संरचनामा क्षति पुगेको जनाएको छ । ती संरचनाको पुनर्निर्माण लागत भने हालको खर्च अनुमानमा समावेश गरिएको छैन ।

# वाङ यीद्वारा फ्रान्सेली विदेशमन्त्री बारोसँग टेलिफोन वार्ता

पेइचिङ, ३० भदौ । चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोका सदस्य तथा परराष्ट्रमन्त्री वाङ यीले १४ तारिख फ्रान्सेली विदेशमन्त्री ज्याँ-नोएल बारोसँग टेलिफोन वार्ता गर्नुभएको छ ।

वाङ यीले दुई देशका राष्ट्रनायकहरूको रणनीतिक नेतृत्वमा चीन-फ्रान्स सम्बन्धले समग्र रूपमा स्थिर विकासको गति कायम राखेको भन्दै अहिलेको अन्तर्राष्ट्रिय अवस्था जटिल र अस्थिर रहेकाले संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्का स्थायी सदस्यका रूपमा चीन र फ्रान्सले रणनीतिक सञ्चार बलियो बनाउनु पर्ने र जोखिम तथा चुनौतीहरूको सामना सँगै गर्नुपर्ने व्यक्त गर्नुभयो ।

वाङ यीले एक मात्र चीन सिद्धान्त चीन-फ्रान्स व्यापक रणनीतिक साझेदारी सम्बन्धको राजनीतिक आधार भएको भन्दै फ्रान्सले वास्तविक कदम चालेर एक मात्र चीन सिद्धान्तको पालना गरोस्, थाइवानसँग कुनै पनि प्रकारको सरकारी सम्पर्क नगरोस् र थाइवान स्वतन्त्रतावादी शक्तिहरूलाई कुनै गलत सङ्केत नदियोस् भन्ने अपेक्षा चीनले गरेको औँल्याउनुभयो ।

बारोले फ्रान्सले एक मात्र चीन नीतिलाई दृढतापूर्वक अवलम्बन गरेको भन्दै युरोप-चीन व्यापार सम्बन्धमा अहिले कठिनाइ र चुनौतीहरू देखिएको वातावरणमा युरोप र चीनबिच रचनात्मक आदानप्रदान मार्फत समाधान खोज्न सहयोग गर्न फ्रान्स इच्छुक रहेको बताउनुभयो । वाङ यीले चीनको सैद्धान्तिक अडानबारे जानकारी दिँदै राष्ट्राध्यक्ष सी चिनफिङले मध्यपूर्वमा नयाँ सुरक्षा संरचना निर्माण गर्न चार सूत्रीय प्रस्ताव राख्नुभएको उल्लेख गर्दै यसले क्षेत्रीय शान्ति र स्थिरताका लागि सार्वजनिक सामग्री प्रदान गरेको र रचनात्मक भूमिका खेलेको औँल्याउनुभयो । साथै, दुवै पक्षले इरानको अवस्था, युक्रेन सङ्कटलगायत साझा चासोका विषयहरूमा पनि विचार आदानप्रदान गरे ।

# 'सुगन्धित सुन' नाटक हेर्दा

• दुर्गा

यसपालिको गाईजात्राको अवसरमा भक्तपुरमा विभिन्न नाचगानका साथै नाटक र ख्यालहरू प्रस्तुत भए। ती नाचगान, नाटक र ख्याललगायतका विभिन्न प्रस्तुतिहरूले समाज, देश अनि विश्वमा मौलाइरहेको विसङ्गति र विकृतिविरुद्धका कुराहरू देखाएका छन्। त्यस्ता नाटक, ख्यालहरूमध्ये 'सुगन्धित सुन' नाटक पनि एक हो। जैँला सांस्कृतिक समाजबाट प्रस्तुत उक्त ख्यालमा चार जना कलाकार रहेका छन्। यो नाटकमा आमा, बुबा, एक्लो छोरा र उनकी प्रेमिका भूमिकामा छन्।

मानिस सामाजिक प्राणी हो। उसले सृष्टिको परम्परा चलाउने र समाजमा एक सफल, सभ्य, संस्कारयुक्त परिवारको रूपमा बाँच्नु, स्थापित हुन खोज्नु स्वाभाविक हो र आवश्यक पनि छ। मानिसले सभ्य समाज बनाउन, आफ्नो वंश धान्न र बुढेशकालको असल सहाराको लागि समयमा विवाह गर्नु र सन्तान जन्माउनु पनि स्वाभाविकै हो। सन्तान जन्मेपछि सन्तानलाई हुर्काउन, शिक्षादीक्षा लिएर स्वार्थी होइन निःस्वार्थी भएर समाजको सेवा गर्न योग्य, सक्षम र इमानदार नागरिक तयार गर्न आमाबुबाले चाहेका हुन्छन्। त्यही मर्मअनुसार आमा-बुबा रात दिन खाईनखाई दुःख-सुख सबै बिर्सेर सन्तानलाई असल बनाउन लागेका हुन्छन्। आमाबुबाले सन्तानलाई समय दिन नसक्दा, परिवारप्रतिको दायित्व र कर्तव्यबोध गराउन नसक्दा, गलत सङ्गतको प्रभावमा पर्दा परिवारमा कलह, पारिवारिक बेमेल, झगडा, दुःखका घटनाहरू घट्न सक्छन् भन्ने कुरा नाटकले देखाउन खोजेको छ। छोराछोरी समाजसँग नभिज्दा वा नभिजाउँदा समाजको मूल्य, मान्यता र संस्कारसँग उठबस नगराउँदा केबल डिग्री प्राप्त गर्न र पैसासँग मात्र सरोकार राख्दा स्वार्थी भई समाजमा त्यस्ता समस्याहरू आएको सत्य हो।

उमेर पुगेपछि आफ्नै खुट्टामा उभिन, सक्षम र आत्मनिर्भर भएपछि छोराछोरीको विवाह गरिदिनु आमाबुबाको कर्तव्य हो। अहिलेको समयमा आमाबुबाले मन पराएको भन्दा छोराछोरीले मन पराएको केटाकेटीसँग विवाह गरिदिनु राम्रो मानिन्छ। तर, यसको लागि भने सन्तानले आफूलाई जन्म दिने आमाबुबासँग विचार, सल्लाह र सहमति लिनु आवश्यक छ। छोराछोरीले क्षणिक, नक्कली माया र सहयोग नहेरी, नफसी खुला हृदय भएका शिक्षित, विवेकी, सभ्य र संस्कारी केटाकेटीसँग विवाह गर्नु राम्रो हुन्छ। त्यसको लागि छोराछोरी दुवैले आमाबुबासँग समयमा सल्लाह माग्नु आवश्यक छ। क्षणिक माया प्रेमको जालमा परी, दबाब र प्रभावमा परेर विवाह गर्ने र भाग्ने छोराछोरीले समाजमा सुखभन्दा बढी दुःख पाएको नाटकले देखाउन खोजेको छ। घरको एक्लो छोराले त्यस्तै प्रेमिकाको प्रभावमा परेर आफूलाई जन्म दिने, हुर्काउने, माया दिने





आमाबुबाको गुणलाई प्रेमिकाको उक्साहत र इसारामा माटोमा मिलाइदिन्छ। त्यस्ता छोराले जन्म दिने आमाबुबा शत्रु र प्रेमिका मित्र देवता ठान्छ। त्यस नाटकमा एक्लो छोराले आमाबुबाले हुनेवाला बुहारीको लागि भनेर खाई नखाई जम्मा पारेको पैसाबाट किनेर ल्याइदिएको सक्कली सुनको सिक्री पनि नक्कली सम्झिन्छ र आमाबुबामाथि बेइमानीको आरोप लाग्छ। प्रेमिकाले दिएको नक्कली सुनको सिक्रीलाई सक्कली सुनको सिक्रीको रूपमा छोराले ग्रहण गर्छ। खराब प्रेमिकाको वचन, बोली र उक्साहतलाई देवताको अर्तिसरि ग्रहण गर्छ। आमाबुबाको वचन, माया र व्यवहार उनको लागि अमृत होइन विष बन्न पुग्छ। रूप, अनुहार, पहिरन, सुन्दरता, विचार, सोच र व्यवहार कुरूप प्रेमिकाको प्रभावमा परेर आमाबुबालाई घरबाट जबरजस्ती निकाल्छ। यस्ता छोरा बुहारी मिलेर आमाबुबालाई खुला आकाशमुनि बेवारिसे छोडेको, वृद्धाश्रममा लगेर फालेको, पाटीमा वास बसेर मागी हिँड्न बाध्य पारेको घटना आज सामाजिक सञ्जालमा देखिएको छ जुन नेपाली समाजको कलङ्क हो। यो सामाजिक मूल्य र मान्यताविपरीत हो।

नाटकमा एक्लो छोरा आफ्नो आमाबुबालाई घरबाट जबरजस्ती निकाल्न प्रयास गर्छ, घिसार्दै लान्छ। आमाबुबाले छोरासँग तिमीलाई नौ महिना गर्भमा पालेको, खाई-नखाई, दिन-रात नभनी, गाह्रोसाह्रो नभनी हुर्काएको, पढाएको, माया दिएको किन बिर्सेको भनेर घरबाट ननिकाल्न अनुनय, विनय गर्छन्। तर, ती आमाबुबाको अनुनय विनयलाई छोराले माटोमा मिलाइदिन्छ। तिमीहरू यो घरबाट तुरुन्त निक्लि जा भन्छ। तर, माया, विवेकी, त्यागी, निःस्वार्थी आमाबुबाले "होइन छोरा, हामी बुढाबुढी नै बाहिर गई दिऔँला, पाटीमा बास बसौँला, तिमीहरू यही घरमा बस, तिमीहरूको जय होस्" भन्दै रुँदै कराउँदै निस्कन्छन्। यो समाजको प्रतिनिधिमूलक घटना हो। यस्तो विकृति समाजमा मौलाएको छ। यसलाई रोक्नु सबैको कर्तव्य हो। यसबाट पाठ सिकेर सभ्य र सुसंस्कृत समाज निर्माणको लागि सबै मिलेर अगाडि बढ्नु आवश्यक छ।

नाटकमा प्रेमिकालाई गलत पात्रको रूपमा उभ्याइएको छ। तर, सबै प्रेमिका वा बुहारी त्यस्ता हुँदैनन्। राम्रा र असल पनि हुन्छन् भन्ने कुरा हामीले बिर्सनुहुँदैन। गलत बाटोमा हिँडेका श्रीमान् (लोग्ने) लाई सही बाटोमा हिँडाएको, बिग्रेको परिवार, समाजमा नभएका होइनन्। खराब श्रीमान् (लोग्ने) र परिवारलाई पनि असल बनाउने, छुट्न लागेको परिवार जोड्ने र समाजलाई जोडेर स्वर्गीय बनाउने त्यस्ता महिला पनि छन्। त्यसैले, प्रेमिका वा छोरी वा बुहारी छोरा भाइहरूले पनि व्यक्तिगत स्वार्थलाई त्यागेर मेलमिलाप, माया दिएर मिलाउन सचेत हुनु आवश्यक छ।

हिजोआज समाजमा सम्पत्ति ताक्नको लागि केटीहरूले देखावती नक्कली प्रेम गर्ने गरेको समाचार सञ्चारमाध्यममा आएका छन्। मायाजालमा पारेर कानुनी रित पुऱ्याएर बिहेको नाटक गर्ने अनि लोग्ने वा केटाको सम्पत्ति हात पारेर भाग्ने केटीहरू पनि नभएका होइनन्। यस्ता महिलाहरू अर्को केटासँग पनि यस्तै विवाह गरेर मायाजालमा पारेर सम्पत्ति लुटेको पनि नसुनिएको होइन। नाटकमा प्रेमिकाले यस्तै भूमिका निभाएको देखाएको छ। आफूलाई जन्म दिने आमाको कुरो छोडेर प्रेमिकाको कुरामा भुलेर घरको सुन र साँचो लिएर भागेको घटनाले कसैको लहैलहैमा जान नहुने कुरा थाहा हुन्छ। अन्तमा, सन्तानको लागि अन्तिम भरोसा आश्रय भनेको मातापिता नै हो भन्ने कुरा नाटकले प्रस्ट पारेको छ।

आमाबुबाले आफ्ना सन्तानलाई माया दिनु र गर्नु स्वाभाविक छ। तर, आज आमाबुबाले सन्तानको विचार र भावना बुझ्नु पनि उत्तिकै आवश्यक छ। उनीहरूको रेखदेख, निगरानी गर्नु, सहयोग र हौसला बढाउनु जरुरी छ। गलत विचार र बाटोतिर लाग्न खोजिएको चाल पाउनासाथै सम्झाइबुझाइ चित्त बुझाएर सही बाटोमा ल्याउनुपर्छ। सन्तानलाई समाजमा भिजाउनु, सभ्य, संस्कार र सहयोगी बनाउने वातावरण आमाबुबा र समाजले दिनुपर्छ भन्ने सन्देश नाटकले दिन खोजेको छ। अन्तमा, सन्तान, आमाबुबा र समाज यस्तो विसङ्गति र विकृतिप्रति सचेत भएर अगाडि बढ्नु जरुरी छ। यस्तो नाचगान, नाटक, ख्याल हेर्ने अवसर दिने सबै अग्रज गुरु, कलाकार, सङ्घसंस्था र भक्तपुर नगरपालिकालाई धन्यवाद छ।

---

**विल्फ्रेड...**

५ सेप्टेम्बर, १९४५ को दिन बेलायती 'दैनिक वाणी' (Daily Express) ले आणविक विकिरणबाट असर हुने 'आणविक प्लेग रोग' (The Atomic Plague) भन्ने शीर्षकमा समाचार छाप्यो। २ सेप्टेम्बरको दिन जापानी सम्राटले अमेरिकी प्रमुख सेनापति जनरल डगल्स माक्यार्थि (General Douglos McCarthy) को सामु औपचारिक आत्मसमर्पण गरेका थिए। बर्चेटको 'आणविक प्लेग' को समाचारले सारा पश्चिमी जनमत अमेरिकी आणविक बमवर्षाको विरोधमा हुने अनुमान शासकहरूले गरे। पश्चिमी देश बेलायत आफै मुसाबाट फैलेको प्लेग रोगको महामारी भोगिसकेको देश थियो। यसकारण, पश्चिमी शासकहरू र बुद्धिजीवीहरूले उनलाई आतङ्क फैलाउने, नराम्रो, नीच र तुच्छ व्यक्ति भनी निन्दा र घृणा गरे। केहीले उनलाई 'वामपन्थी उत्तेजना फैलाउने' वा कम्युनिस्ट कार्यकर्ताको रूपमा लिए। केहीले उनलाई 'स्तालिनको पिछलग्गू', 'विश्वासघाती', 'रुसी गुप्तचर विभाग केजीबी (KGB) को दलाल' आदि आरोप लगाए। तर, बेलायती दार्शनिक र गणितज्ञ बर्ट्रान्ड रसेल (Bertrand Russell) ले उनलाई 'एक समकालीन इतिहासकार र सचेत पत्रकार' भएको बताए।

विल्फ्रेड बर्चेटको 'आणविक प्लेग' समाचारले उनी झन् चर्चित भए। उनी पछि ग्रीस र बर्लिनमा पठाइए। त्यहाँ उनले ३ वर्ष बेलायती 'दैनिक वाणी' को काम गरे।

सन् १९४३ मा पूर्वी युरोपमा 'नयाँ समय' (New Times) साप्ताहिक पत्रिका सुरु भएको थियो। रुसी भाषासहित १० भाषामा सो पत्रिका प्रकाशित हुन्थ्यो। अन्य देशहरूमा पनि त्यसका कार्यालयहरू थिए। बर्चेटले त्यस्तै पूर्वी कम्युनिस्ट देशका पत्रिकाहरूमा काम गर्न थाले।

बर्चेटले हङ्गेरी र बुल्गेरियाको भित्री सङ्घर्ष र रुसी जनताका बारेमा लेखे। स्तालिनको पक्षमा कलम चलाए। पूर्वी युरोपेली कम्युनिस्ट देशहरूको पक्षमा लेखेको हुनाले कतिपयले उनलाई 'अस्ट्रेलियाली कम्युनिस्ट पार्टी' को गुप्त कार्यकर्ता भने।

सन् १९४८-४९ मा विल्फ्रेड बर्चेटको विरोधमा अनेक लाञ्छनाहरू पनि लगाइए। उनले चीन र कोरियाका युद्धबन्दीहरूको शिविरमा अमेरिकी बन्दीहरूको मन फर्काउन खोजेको र बेलायतको निम्ति जासुसी गरेको आरोप खेपे। त्यस आरोप र लाञ्छनाको विरोधमा उनले 'विद्रोही पत्रकारका संस्मरणहरू' (Memoirs of a Rebel Journalist) लेखे। उनलाई 'कम्युनिस्ट प्रचारक' र 'कम्युनिस्ट एजेन्ट' भन्ने आरोप पनि पश्चिमेलीहरूले लगाए।

बर्चेटले बुल्गेरियामा काम गर्दा त्यहाँका नागरिक भेसीलिना ओस्सिकोभस्का (Vesselina Ossikovska) सँग विवाह गरे। त्यसैकारण, उनको बुल्गेरियाको अनुमति पत्र खारेज भयो र त्यसपछि लोग्ने स्वास्नी दुवै पेइचिङ र कोरिया पुगेका थिए।

उनी कहिल्यै नथाक्ने अन्तर्राष्ट्रिय पत्रकारिताको एक शक्ति थिए। सामयिकता, राजनैतिक चतुऱ्याइँ, सान्दर्भिक अवलोकन, प्रस्ट दृष्टिकोण र सरल शैलीले उनको समाचारको सधैँ माग रहन्थ्यो। वामपन्थीहरूलाई स्थितिको जानकारी लिन आतुर रहँदा विल्फ्रेड बर्चेटले बारम्बार सत्य समाचार पठाउँथे, किनभने उनी स्वयं एक 'विद्रोही पत्रकार' थिए।

फ्रान्सको एउटा प्रसिद्ध समाचार पत्र 'एल ह्युमानित' (L'Humanite) को विदेश संवाददाता बनी बर्चेट सन् १९५१ मा चीन पुगे। ३ महिनापछि उनले 'चीनको मुक्ति' (China's Feet Unbound) शीर्षकमा चीनको समर्थनमा लेखहरू लेखे।

जुलाई १९५१ मा बर्चेट उत्तर कोरिया पुगे। त्यहाँ उनी अस्थायी युद्धविराम रेखा पानमुनजोनको शान्ति वार्ताको समाचार सङ्कलन गर्नका निम्ति पुगे। उनीसँग चिनियाँ प्रेसको परिचय पत्र पनि थियो।

उनले नै कोरियामा संयुक्त राष्ट्र सङ्घको नाममा अमेरिकी साम्राज्यवादले गरेका अत्याचारहरू उदाङ्ग्याए। उनले नै कोरियामा 'किटाणु युद्ध' चलाएको आरोप लगाए। त्यसबेला साह्रै थोरै पश्चिमी पत्रकारहरू चिनियाँ जनता र कोरियाली जनताको पक्षमा थिए। सन् १९५६ मा उनी मस्कोमा 'राष्ट्रिय संरक्षक' (National Guardian) का संवाददाता भए।

बर्चेट सन् १९५६ तिर भियतनाम, लाओस र कम्बोडिया पुगे। अमेरिकीहरू उनी ती देशहरूमा गएको मन पराउँदैनथे। हवाइजहाजमा अमेरिकीहरूले उनको राहदानी नै चोर्न लगाए। तैपनि, उनले भियतनाम, लाओस र कम्बोडियाका महत्त्वपूर्ण नेताहरू, राजा र राजकुमारहरूसँग भेटे। तीनवटै देशका विवरणहरू उनले ३२४ पृष्ठको 'मेकोङको जागरण' मा उल्लेख गरे। त्यसबेला उनी ४६ वर्षका अनुभवी पत्रकार बने।

सन् १९६४ मा उनी ५३ वर्षका प्रौढ थिए। उनले दक्षिण भियतनामको जङ्गल-जङ्गलमा साइकल लिएर मुक्त इलाकाहरू गई त्यहाँका जनताबारे समाचारहरू लेखे। 'दक्षिण भियतनामको मुक्त इलाकाहरूमा मेरो यात्रा' सन् १९६६ मा तेस्रो संस्करण प्रकाशित भयो। हो चि मिन्हका कार्यकर्ताहरूले कसरी पाषाण युगमा रहेका जात-जातिहरूमा समेत गई फ्रान्सेलीहरूको विरोधमा सङ्गठित गरेका थिए भन्ने खालका वर्णनहरू उनका रिपोर्टहरूमा उल्लेख थियो र पछि उनले अमेरिकी आक्रमणको विरोधमा कसरी लडे भन्ने विवरणहरू प्रस्तुत गरे।

सन् १९७१ को समय थियो। भियतनाम युद्धले सारा संसारको ध्यान आकर्षित गर्दै थियो। अमेरिकी साम्राज्यवादले विषालु ग्यास, रासायनिक वस्तु र आगोसमेत लगाएर वन-जङ्गल, गाउँ-सहर, खेत-खलियानसमेत खरानी पार्दै थियो र नापाम बम (Napalm bomb) ले भियतनामी जनता अत्यन्त पीडित थिए। त्यस्तो बेलामा पनि भियतनामी भूमिमा उनले सयौं माइल पैदल यात्रा गरी समाचारहरू लेखे, टिप्पणी गरे तथा पुस्तकहरू लेखे, त्यसबेला उनी ६० वर्षका थिए।

अमेरिकी साम्राज्यवादले भियतनामलाई सजिलै पराजित गर्ने दुःस्वप्न देखेको थियो। अमेरिकाले भियतनामी गुरिल्लाहरू कम्बोडियामा लुकीलुकी काम गर्छन् र हात हतियार र रसदपानी पुऱ्याउने काम कम्बोडियाबाट हुन्छ भन्ने भ्रम पाल्यो। त्यसकारण, पहिले कम्युनिस्टसँग मिल्ने कम्बोडियाको राजा सिंहानोकलाई अपदस्थ गरी भियतनामीहरूको आपूर्ति बन्द गराउने योजना बनाई कम्बोडियाको राजधानी न्होमपेनमा १८ मार्च १९७० मा दरबारी विद्रोह गरायो।

सिंहानोक पेरिसमा उपचारको निम्ति पुगेका थिए। अमेरिकी केन्द्रीय गुप्तचर विभागकै निर्देशनमा लोन नोल, श्री माताक र तिनीहरूका पिछलग्गूहरूले सन् १९७० को १८ मार्चको दिन विद्रोहको घोषणा गरे। सन् १९५५ मा कम्बोडियाली सेनाको प्रमुख र सन् १९५९ को सरकारको प्रधानमन्त्री बनेका लोन नोलले आफूलाई गणतन्त्र कम्बोडियाको राष्ट्रपति घोषणा गरे।

सन् १९६४-६६ को रक्षामन्त्री र विदेशमन्त्री, चीन र अन्य देशहरूमा सन् १९६२ देखि १९६९ सम्म राजदूत बनेका श्री माताक सन् १९७० को मार्चको विद्रोहबाट प्रधानमन्त्री बने। सिंहानोकलाई राजा पदबाट अपदस्थ गरी ज्यान सजायको घोषणा गऱ्यो।

त्यस्तो गञ्जागोलको स्थितिमा बर्चेट सिंहानोकको 'सीआईएसँग मेरो लडाइँ' को अनुवाद गर्न पेइचिङ र साङ्घाई गए।

अमेरिकी साम्राज्यवादी आक्रमण र हस्तक्षेपलाई पराजित गरेपछि कम्बोडियामा पुनः आन्तरिक झगडा चर्कियो। भियतनामी समर्थक कम्युनिस्ट, पोलपोट समर्थक कम्युनिस्ट र राजा सिंहानोक समर्थकहरूको त्रिकोणात्मक सङ्घर्ष चथ्कर्यो। सन् १९७५-७६ को त्यस अवधिमा बर्चेटले पोलपोटको सरकारको पक्षमा लेखे।

**बर्चेटका केही कृतिहरू**

१. Pacific Treasure Island
२. Bombs Over Burma
३. Wingatis Phantom Army
४. Democracy with a Tommy gun
५. Cold war In Germany
६. People's Democracy
७. The Changing Tide - (Play in five act)
८. China's Feet Unbound
९. This Monstrone war
१०. Koje Unscreened (with Alan Winnington)
११. Plain Perfidy
१२. North of the 17th Parralled
१३. The Fusitive War
१४. Passport an Autobiography (सन् १९६७ मा अस्ट्रेलियामा प्रकाशित)
१५. At the Barricades (सन् १९८१ मा प्रकाशित)

यसरी बर्चेटले आफ्नो जीवनकालमा ४० भन्दा बढी पुस्तकहरू लेखेका थिए।

२७ सेप्टेम्बर सन् १९८३ मा बुल्गेरियाको राजधानी सोफियामा क्यान्सर रोगले ७२ वर्षको उमेरमा उनी बिते। उनी एक अन्तराष्ट्रवादी र साम्राज्यवादविरोधी पत्रकार थिए।

***स्रोतः 'चार अन्तर्राष्ट्रवादी पत्रकार'***

# द्वन्द्वात्मक भौतिकवाद के हो ?

वर्गीय समाजमा सिद्धान्त र विचार पनि वर्गीय हुन्छ । वर्गीय समाजमा वर्ग सङ्घर्ष स्वाभाविक छ । वर्गसङ्घर्षबिना श्रमजीवी जनताको प्रतिनिधित्व गर्ने सरकार सम्भव छैन । कथंकदाचित सम्भव भए पनि त्यो स्थायी हुने छैन या टिक्ने छैन । द्वन्द्वात्मक भौतिकवाद सर्वहारावर्गको मुक्तिको दर्शन हो । यसले संसारका श्रमजीवीहरूको पक्षमा वकालत गर्छ, भलो गर्छ र ऐन कानुन बनाउँछ । कुनै पनि वस्तुको अस्तित्व दुई विरोधी पक्षबिचको लडाइँमा आधारित हुन्छ । यस लडाइँबाट नयाँ वस्तु जन्मिन्छ । यसरी अन्तरविरोधको अध्ययन गर्ने पद्धति नै एक प्रकारको द्वन्द्ववाद हो । पृथ्वी पदार्थबाट बनेको हो । परमात्माबाट जगत बनेको होइन । यसको अध्ययन गर्ने सिद्धान्त नै भौतिकवाद हो ।

द्वन्द्ववादको विकास हेगेलले गरेका हुन् । उनले परमात्मा या विचारको विकास भएर वस्तु र जगत बन्छ भन्ने हेगेलको आदर्शवादी विचार हो । भौतिकवादको व्याख्या फायरबाखजस्ता दार्शनिकहरूले गरे । उनीहरूले पदार्थलाई परिवर्तनशील बनाउन र जनता बदल्ने कुरा गरेनन् । मार्क्सले त्यो कमजोरी हटाई भौतिकवादलाई परिवर्तनको पद्धति वा द्वन्द्ववादसँग मिलाउने काम गर्नुभयो । यो काममा एङ्गेल्सको पनि महत्त्वपूर्ण भूमिका छ । यसरी द्वन्द्वात्मक भौतिकवादी दर्शनको जन्म भयो । यो दर्शनमा लेनिन र माओले थप विकास गर्नुभयो ।

द्वन्द्वात्मक भौतिकवाद समाज र संसार फेर्नको लागि प्रेरित गर्ने सर्वहारावर्गीय दृष्टिकोण हो । यसको उद्देश्य सिद्धान्त प्रतिपादन गर्नुमात्र होइन सिद्धान्तलाई व्यवहारमा प्रयोग गर्नु पनि हो । यो दर्शन मात्र होइन; विज्ञान पनि हो । कुनै वस्तु वा समाजलाई हेर्ने दृष्टिकोण दुई थरीको हुन्छ । भौतिकवादी द्वन्द्ववाद र अधिभूतवाद । कुनै वस्तुलाई उसको वास्तविक चरित्रभन्दा अलग्ग गरी हेर्ने पद्धति भौतिकवादी द्वन्द्ववाद हो । अधिभूतवादीहरू पदार्थलाई जड् मान्छन् । त्यस दृष्टिलाई मान्यता दिने मानिसहरू वस्तु निर्माणको लागि भित्री होइन बाहिरी कारणलाई जोड दिन्छन् । उनीहरू अलौकिक शक्तिलाई प्राथमिकता दिन्छन् । उनीहरू हरेक वस्तुलाई परिवर्तनविहीन ठान्छन् । उनीहरूको बुझाइमा चन्द्र, सूर्य, तारा, पृथ्वी, जीवजन्तु आदि एकाएक बनेका हुन् । उनीहरू गुणात्मक परिवर्तनलाई विश्वास गर्दैनन् । उनीहरू विकासशील, विनासशील, सत्य -असत्यजस्ता परस्पर विरोधी पक्ष देख्दैनन् । उनीहरू या त असल या त खराव मात्र देख्छन् । पछि यसलाई द्वन्द्ववादी ढङ्गले हेर्नुपर्छ भन्ने विचारको विकास भयो । विज्ञान र प्रविधिको युग आरम्भ हुनु द्वन्द्ववादको राम्रो दृष्टान्त हो । भौतिकवादी द्वन्द्ववादले पदार्थलाई जड होइन गतिशील ठान्छ । यसले अलौकिक कुरालाई विश्वास गर्दैन; आन्तरिक कारणलाई जोड दिन्छ; सत्य र असत्यबिच परस्परविरोधी पक्ष हुने आपसी सम्बन्ध भएर द्वन्द्व हुन्छ । यसले कुनै पदार्थको अस्तित्व एकाएक आएको मान्यता राख्दैन । बरु यसले गुणात्मक परिवर्तनमा जोड दिन्छ ।

परिवर्तन विरोधीहरू मार्क्सवाद पतन भएको हल्ला फिजाउँछन् । विज्ञानमा आधारित वैज्ञानिक दर्शनलाई जसले जतिसुकै विरोध र खण्डन गरे पनि त्यो खण्डित हुँदैन । लेनिन भन्नुहुन्थ्यो, "मार्क्सको शिक्षा सर्वशक्तिमान छ । यो कुनै काल्पनिक दर्शन होइन । भौतिकवाद वस्तु, प्रकृति र इतिहासको तथ्यमा आधारित छ । यो विज्ञानसम्मत छ । मार्क्सको समाजवाद कल्पनावादविरोधी छ । कुनै देशमा क्रान्तिपछि प्रतिक्रान्ति हुनु सिद्धान्त अवैज्ञानिक हुनु होइन । बरु, यस सिद्धान्तको सार तत्त्व वर्गसङ्घर्ष हो ।

द्वन्द्वात्मक भौतिकवाद प्रकृति, मानव समाज र विज्ञानमा आधारित छ । यो भरपर्दो विज्ञान हो । यो मानव समाज मुक्तिको विज्ञानसम्मत दर्शन हो । नेपालका सच्चा कम्युनिस्ट पार्टीहरू यसै दर्शनलाई आधार मानेर आमूल परिवर्तनको निम्ति पूर्वाधार तयार गर्दै छन् । जसले आफूलाई ठुलो कम्युनिस्ट पार्टी भनेर सामन्त, पुँजीपति र प्रतिक्रियावादीहरूको पक्षपोषण गरेर सरकारमा पुगे उनीहरू आज पछुताउ गर्दै छन् । उनीहरू प्रायश्चित गर्दै भन्दै छन्, कतै हामीले सच्चा कम्युनिस्ट पार्टीको बाटो छोडेर पुँजीपतिवर्गको बाटोमा त लागेको छैन ? उनीहरू गलत बाटोमा लागेको भनी प्रायश्चित गर्दै छन् । त्यो प्रायश्चित सत्तामा नपुगुञ्जेल गरिरहने हो कि पहिलेको गल्ती सुधारेर आमूल परिवर्तनको बाटोमा लागेर राजनीति गर्ने हुन् ? त्यसबाट पाठ सिकेर कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारअनुसार वर्गसङ्घर्षको बाटो रोज्नुपर्छ; द्वन्द्वात्मक भौतिकवादको बाटो रोज्नुपर्छ यो नै मार्क्सवादको आधार हो ।

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- रास्वपा सरकारले खाना पकाउने ग्यास सुपथ मोलमा सुलभ बन्दोबस्त गर्न सकेन । देशभरिका उपभोक्ताहरू ग्यासको सिलिन्डरसँगै लाइनमा बस्न बाध्य छन् । यहीबेला पछिल्लो एक महिनाको अवधिमा २०–२५ केजी सामान्य चामलको मूल्य ४०० रुपैयाँसम्म बढ्यो । मास, रहर, चना, खानेतेल, प्याज, आलु, काउली, गोलभेडा, भिन्डी, परवल, बन्दाकोवी, कागती, अण्डा, स्याउ, आलमन्ड, ओखर, चिनीको मूल्य पनि आकासियो ।

  प्याज प्रतिकेजी ६० रुपैयाँबाट १२० रुपैयाँ पुऱ्याइयो । कागती प्रतिकेजी २०० रुपैयाँबाट ४५० रुपैयाँ पुऱ्याइयो । चिनी ९५ रुपैयाँबाट १४० रुपैयाँ पुऱ्याइयो । ३० वटा अण्डाको मूल्य ४०५ रुपैयाँबाट ६०५ रुपैयाँ पुऱ्याइयो । उपभोक्ताहरू भन्दै छन्, "बजार मूल्य अनियन्त्रित बढ्दा सरकारको कुनै पनि निकायको हस्तक्षेपकारी भूमिका छैन ।" रास्वपा सरकारको उपभोक्ता संरक्षण विभागका अधिकारी भन्छन्, "हामी मूल्य नियन्त्रणका लागि हस्तक्षेपकारी कदम चाल्न सक्ने अवस्थामा छैनौँ । ठीक यहीबेला संरा अमेरिकी खोज पत्रकार किट क्लारेनवर्गको 'दे ग्रेजोन' मा प्रकाशित लेखमा रास्वपा सरकारका रवि, बालेन, सुधन, सागर, रञ्जुलगायत नेताहरू संरा अमेरिकी गुप्तचर संस्था सीआईएअन्तर्गतका संस्थाहरू NED,CEPPS,IRI,IDFES,SFT को आर्थिक सहयोगमा उपद्रव कसरी गर्ने र निर्वाचन कसरी जित्ने भन्ने विषयमा तालिम प्राप्त भएको सार्वजनिक भयो । साम्राज्यवादको कठपुतली सरकारबाट नेपाली जनताले विनाशबाहेक अब थप के अपेक्षा गर्न सकिएला ?
- संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मिकी विद्यापीठको छात्रावासको पुस्तकालयमा धुलो भरिएको, भवनमा पानी चुहिएर पुस्तकमा क्षति पुगेको सार्वजनिक भयो । विकसित देशबारे अध्ययन गर्दा जनतामा चेतना दिने काम विद्यालय, कलेज र पुस्तकालयबाटै भएको पाइन्छ । निर्दलीय पञ्चायती व्यवस्थाको खण्डन गरी बहुदलीय व्यवस्था पुन:स्थापनासँगै ३५ वर्षयता सरकारमा पालैपालो पुगेका कुनै पनि दलहरूले देशभरिका पुस्तकालयहरूको संरक्षणमा ध्यान किन दिएनन् ? उपद्रो र आगजनीबाट उठेको रास्वपा सरकारबाट देशभरिका पुस्तकालयहरूको संरक्षण हुने अपेक्षा गर्ने ठाउँ होला र ?

# हुथी आक्रमणमा साउदीको कडा चेतावनी

साना, ३० भदौ (एएफपी) । दक्षिणी साउदी अरेबियामा हुथीहरूले ब्यालेस्टिक क्षेप्यास्त्र र ड्रोनबाट गरेको आक्रमणमा १३ जना सर्वसाधारण घाइते भएपछि साउदी नेतृत्वको गठबन्धनले हुथीविरुद्ध कडा कदम चाल्ने चेतावनी दिएको छ । गठबन्धनले देशको सार्वभौमिकता रक्षाका लागि आवश्यक सबै सैन्य उपाय अपनाउने बताएको छ ।

हुथी भनिने अन्सार अल्लाह लडाकूहरूले हुथीहरूले खामिस मुशैतस्थित राजा खालिद हवाई अड्डालाई दर्जनौँ क्षेप्यास्त्र र ड्रोनबाट लक्षित गरेको दाबी गरेका छन् । साउदी पक्षले खामिस मुशैत, आभा र ताइफमा आक्रमण भएको पुष्टि गरेको छ । हुथीहरूका अनुसार साउदीले जवाफी रूपमा ५० भन्दा बढी हवाई हमला गरेको छ । पश्चिमी यमनमा भएको हुथी आक्रमणमा सरकारी सेनाका आठ सैनिक मारिएको दुई सैन्य स्रोतले बताएका छन् ।

गत जुलाईमा यमनको गृहयुद्ध पुन: चर्किएपछि हुथी र साउदी समर्थित सरकारी सेनाबिच लडाइँ बढेको हो । हुथीहरूले लाल सागरको तट र बाब अल-मन्दब जलघाँटीमा आफ्नो नियन्त्रण विस्तार गरेको दाबी गरेका छन् । उनीहरूले साउदीको तेल पूर्वाधारलाई समेत लक्षित गरेपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ ।

क्षेत्रीय तनावबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग वार्ताका लागि अमेरिका तयार रहेको बताउनुभएको छ । तर इरानी सुरक्षा अधिकारी मोहसेन रेजाईले इरानी सर्त पूरा नभएसम्म वार्ता नहुने स्पष्ट पार्नुभएको छ । हर्मुज जलघाँटीबारे खाडी राष्ट्र र इरानबिच हुने भनिएको बैठकसमेत स्थगित भएको छ ।

यसैबिच, साउदी युवराज मोहम्मद बिन सलमानले अमेरिकी सेन्ट्रल कमान्डका प्रमुख एडमिरल ब्राड कुपरसँग क्षेत्रीय अवस्थाबारे छलफल गर्नुभएको छ । यमनमा पछिल्लो लडाइँका कारण ९३ हजार ८६४ जना मानिस घर छाड्न बाध्य भएको संयुक्त राष्ट्रसङ्घको आप्रवासनसम्बन्धी निकायले जनाएको छ ।

# शर्तहरू पूरा नभएसम्म अमेरिकासँग कुनै वार्ता हुँदैन: इरानी सुरक्षा अधिकारी

तेहरान, ३० भदौ (सिन्ह्वा) । इरानका एक शीर्ष सुरक्षा अधिकारीले शर्तहरू पूरा नभएसम्म इरानले अमेरिकासँग कुनै वार्ता नगर्ने मङ्गलबार बताउनुभएको छ ।

इरानको राष्ट्रिय सुरक्षा परिषद्का सचिव मोहसेन रेजाईले सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको तेहरान छिटो सम्झौता गर्न चाहेको र वासिङ्टनले वार्ता पुन: सुरु गर्न सक्ने दाबी गर्दै गरेको टिप्पणीको प्रतिक्रियामा सामाजिक सञ्जाल एक्सको एक पोस्टमा टिप्पणी गर्दै यस्तो बताउनुभएको हो ।

यसअघि ट्रम्पले सामाजिक सञ्जाल ट्रुथमा इरानले सम्झौताको गाम्भिर्यता नहेरी चाँडै सम्झौता गर्न चाहेको उल्लेख गर्दै आवश्यक वातावरण मिलाउने र यो अवधारणाको लागि आफहरू सधैँ खुला रहेको उल्लेख गर्नुभएको थियो ।

अमेरिकी राष्ट्रपतिको मिश्रित सङ्केतहरूबाट विचलित नहुनु आग्रह गर्दै रेजाईले कुनै वार्ताको तयारी नभएको उल्लेख गर्दै आफुहरू छलफलका लागि तयार भए पनि जलमार्ग वरपरको जोखिम परिवर्तन भएकाले नियन्त्रण कायम रहने बताउनुभएको छ । उहाँ इरानका सर्तहरू पूरा नभएसम्म कुनै वार्ता नहने विषयमा जोड दिनुभएको छ । गत जुन -१८ मा, संयुक्त राज्य अमेरिका र इरानले लेबनानसहित सबै क्षेत्रमा युद्ध अन्त्य गर्ने समझदारी ज्ञापन पत्र (एमओयू) मा हस्ताक्षर गरेका थिए ।

एमओयू अन्तर्गत, उनीहरूले अन्तिम सम्झौतामा पुग्न ६० दिनको अवधिमा वार्ता गर्ने तालिका तय गरिएको थियो । जुन अगस्ट -१७ मा समाप्त भयो, तर दुई देशहरू बिच हालैको तनावको शृङ्खला बढेपछि वार्ताको प्रक्रिया ठप्प भएको छ ।

**स्वास्थ्य...**

५/६ महिना नबित्दै संविधान प्रदत्त मौलिक अधिकारसमेत नागरिकले पाएनन् । राजविराजको घटना प्रतिनिधि पात्र हो । देशभरि नै स्वास्थ्य सेवामा राजविराजकै जस्तो समस्या नभएको होइन ।

रास्वपाको वर्तमान सरकारले स्वास्थ्य सेवामा अन्य करको अतिरिक्त ३ प्रतिशत समता कर लगाएको छ । सरकारी स्वास्थ्य संस्थाहरू सहरकेन्द्रित छन्, त्यसमा पनि काठमाडौँकेन्द्रित छ । ठुला रोगको विशेषज्ञ सेवा लिन र गुणस्तरीय परीक्षण गर्नको लागि काठमाडौँ धाउनुपर्ने बाध्यता छ । काठमाडौँ पुग्दा पनि सरकारी अस्पतालमा सहजै सेवा पाइँदैन, शल्यक्रिया गर्नुपर्दा महिनौँ दिन कुर्नुपर्छ । निजी स्वास्थ्य संस्थामा छिटो उपचार भए पनि गरिब-विपन्न नागरिकको आर्थिक क्षमताले गर्दा उपचार र सेवाबाट वञ्चित हुनुपर्दछ ।

स्वास्थ्य सेवा दिने दायित्व स्थानीय पालिका, प्रदेश र सङ्घीय सरकारको हो । सक्षम र क्रियाशील पालिकाहरूलाई सुविधा सम्पन्न अस्पताल सञ्चालन गर्न दिनुपर्छ । स्वास्थ्य सेवाका दक्ष जनशक्ति उत्पादन गर्न सङ्घीय सरकारले विशेष पहल गर्नुपर्दछ । विश्वविद्यालय, स्वास्थ्य प्रतिष्ठान एवम् मेडिकल कलेजहरूको स्थापना र सञ्चालनमा सङ्घीय सरकारले अभिभावकको दायित्व निभाउनुपर्छ । कम शुल्कमा र छात्रवृत्तिमा स्वास्थ्य सेवासँग सम्बन्धित विषयहरू अध्यापन गर्न गराउन पहल गर्नुपर्दछ । प्रतिभावान् तर आर्थिक रूपमा कमजोर विद्यार्थीलाई पनि स्वास्थ्य सेवासम्बन्धी शिक्षा (मेडिकल शिक्षा) हासिल गर्न सक्ने गरी विभिन्न कार्यक्रम तथा योजना ल्याउनुपर्दछ । यसै प्रसङ्गमा भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएको ख्वप अस्पताललाई मेडिकल कलेजको रूपमा विकास र विस्तार गर्नुपर्दछ । अन्य पालिका, प्रदेश र सङ्घीय सरकारबाट सञ्चालित अस्पताल र स्वास्थ्य सेवा संस्थाहरूलाई पनि विकास र विस्तार गर्नुपर्दछ । अन्यथा जेनजीको नेतृत्वको यो सरकार पनि विगतका सरकारहरूजस्तै हुनेखानेको सरकार नै साबित हुनेछ ।

**निकारागुआद्वारा...**

लागि स्मरणार्थ उत्सव मनाउन सुरु गरेको थियो ।

निकारागुआले प्रत्येक सेप्टेम्बर १४ मा सान ज्याकिन्टो (१८५६) को युद्धको सम्झना गर्दछ, जब मध्य अमेरिकाको नियन्त्रण कब्जा गर्न खोज्ने अमेरिकी फिलिबस्टर विलियम वाकर (१८२४-१८६०) पराजित भएको थियो ।

आइतबार, निकारागुआले स्वतन्त्रताको २०५ औँ वार्षिकोत्सव मनाउन कोस्टारिकालाई मध्यअमेरिकी शान्ति र स्वतन्त्रताको मसाल हस्तान्तरण गऱ्यो । प्रत्येक देशको रङ्ग र कलात्मक र सांस्कृतिक प्रदर्शन गरिएको समारोहमा निकारागुआले र कोस्टारिकालाई प्यासिफिक तटमा साझा गरेको पेनास ब्लान्कास सीमा नाकामा ज्वाला हस्तान्तरण गरिएको थियो ।

प्रत्येक वर्ष सेप्टेम्बर महिनालाई स्वतन्त्रताको महिनाको रूपमा मनाउँदै स्वतन्त्रताको ज्वाला १८२१ मा स्वतन्त्रता प्राप्त गर्ने क्षेत्रका पाँच देशहरू हुँदै यात्रा गराउने गरिन्छ । यो ज्वाला ग्वाटेमाला हुँदै एल साल्भाडोर, होन्डुरस, निकारागुवा हुँदै जारी रहन्छ र सेप्टेम्बर १५ मा कोस्टारिकामा समाप्त हुन्छ । स्वतन्त्रता ज्वालाको यात्राको अन्त्य सेप्टेम्बर १५, १८२१ मा मध्य अमेरिकाको घोषणासँग मेल खान्छ ।

**कार्की...**

भिड हटेन र गोली चलाउनै पऱ्यो भने घुँडामुनि चलाउनको निमित्त आदेश लेखिदिनुपर्छ" भनी प्र.जि.अ लाई अख्तियार दिइएको छ । तर, उक्त उल्लिखित भदौ २३ गतेको संसद् भवन अगाडिको घटनामा प्र.जि.अ. ले दिउँसो १२:३० बजेदेखि लागू हुने गरी कर्फ्यु आदेश जारी गरेको देखिन्छ । प्र.जि.अ. कै बयानमा "घुँडामुनि रबरको गोली चलाउन आदेश दिएको तर अन्तिम बल (गोली चलाउन) आदेश नदिएको" भनी उल्लेख गरेका छन् ।

सङ्कलित प्रमाण र सीसीटीभी फुटेज हेर्दा उक्त दिन १२:०० बजेको आसपासमा सङ्घीय संसद्को गेट, पर्खाललगायत बाहिरी भागमाथि आक्रमण सुरु भएको देखिन्छ । तर, १२:३० बजेदेखि लागू हुने गरी प्र.जि.अ. बाट कर्फ्यु आदेश जारी गरिएको थियो । यदि प्रदर्शनकारीहरूले सङ्घीय संसद् भवनमा हमला गर्दा सुरक्षाकर्मीबाट संसद् भवनको रक्षार्थ बल प्रयोग गरिएको थियो भने "के बल प्रयोग गर्नु पूर्व अपनाउनुपर्ने स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(१) (क) अनुसारको सिलसिलेवार प्रक्रिया अपनाइएको थियो" भन्ने प्रश्न उठ्दछ ।

बल प्रयोग गर्नु पूर्वको प्रक्रियाका बारेमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(१) (क) ले कुनै सभा जुलुस, हिंसात्मक/ध्वंसात्मक भई शान्ति भङ्ग हुने देखिएमा सम्झाइबुझाइ शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठीचार्ज, अश्रु ग्यास, पानीको फोहोरा र हवाई फायरसमेत आवश्यकता र परिस्थितिअनुसार जे गर्नुपर्ने बल प्रयोग गरी शान्ति कायम गराउने व्यवस्था छ । ऐनमा गरिएको यस प्रकारको व्यवस्थालाई भदौ २३ गतेको सङ्घीय संसद् भवनअगाडि करिब १२:०० बजेको समयमा लाठीचार्ज गरेको तर प्रभावकारी हुन नसकेको देखिन्छ । अश्रु ग्यासको प्रयोगले पनि भिडलाई नियन्त्रण गर्न नसकेको देखिन्छ । अश्रु ग्यासको प्रयोग प्रभावकारी नहुनुमा भिडको आकारको तुलनामा यथेष्ट मात्रामा अश्रु ग्यास उपलब्ध नहुनु र भएका केही अश्रु ग्यास पनि म्याद नाघी प्रभावकारी नहुनु हो । रबर बुलेटको प्रयोगका बारे 'ऐन' मौन रहे पनि व्यवहारमा रबर बुलेट प्रयोग भएको देखिन्छ । पानीको फोहोराको उपयोग प्रभावकारी नहुनुमा यसको अति न्यून प्रयोग नै हो । किनकि एउटा मेसिनमात्र फोहोरा हान्नमा प्रयोग गरिएको र त्यो ३ मिनेटको लागि मात्र प्रभावकारी हुने कम क्षमताको भएकोले भिड नियन्त्रण गर्न असफल रह्यो ।

**गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं**

- कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं।

सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा